# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६९ | काठमाडौं | मंगलबार, २२ असोज २०८१ | Prabhab National Daily | Tuesday, October 08, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


विपद्पीडितलाई राहत

# उद्धार कोषमा दुई दिनमै १५ करोड जम्मा

## कोषको खातामा सोमबारसम्म एक अर्ब ५८ करोड रुपैयाँ मौज्दात रहेको प्रधानमन्त्रीको सचिवालयको भनाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** असोज १० गतेबाट आएको अविरल वर्षाका कारण सिर्जित बाढीपहिरोका कारण पुगेको क्षतिमा सरकारले सहयोगको आह्वान गरेपछि प्रधानमन्त्रीनिवासमा दाताहरूको लर्को लाग्ने गरेको देखिन्छ । उनीहरू 'डमी चेक' देखाउँदै प्रधानमन्त्री केपी शर्मा ओलीसँग फोटो खिचाएर धमाधम समाचार लेखाउँछन् ।

यसरी 'डमी चेक' देखाउनेहरूबाट सोमबारसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब २५ करोड रूपैयाँभन्दा बढी प्राप्त भएको देखिन्छ । तर, कोषको खातामा सोमबारसम्म छ करोड ११ लाख ३५ हजार रूपैयाँमात्र जम्मा भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । जबकि सोमबारमात्र उद्धार कोषमा सहयोगस्वरूप चार करोड ७९ लाख १० हजार रूपैयाँको चेक प्राप्त भएको बताइएको छ ।

सोमबार नेसनल हाइड्रोपावर विद्युत् कम्पनी (भारत सरकार) बाट एक करोड रूपैयाँ, प्रभु बैंकबाट एक करोड रूपैयाँ, अरुण तेस्रो पावर कम्पनीबाट एक करोड रूपैयाँ, एभरेस्ट बैंकबाट ५० लाख रूपैयाँ, प्राइम बैंकबाट ३१ लाख रूपैयाँको चेक प्राप्त गरेको जनाएको थियो । यद्यपि, यो रकमलाई कोषले सोमबार सार्वजनिक गरेको सूचीमा समावेश गरेको छैन । त्यस्तै, सोमबार नै प्रभु इन्स्योरेन्सबाट २५ लाख रूपैयाँ, प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सबाट २५ लाख, प्रभु क्यापिटलबाट २५ लाख, हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीबाट १० लाख, इनर्जी ट्रीबाट आठ लाख एक हजार र नुवाकोटका नवीन कोइराला (हाल अमेरिका)बाट पाँच लाख नौ हजार रूपैयाँ गरी जम्मा चार करोड ७९ लाख १० हजार ३९० उक्त कोषमा प्राप्त भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

कोषमा आइतबारमात्र १० करोड २६ लाख रूपैयाँ सहयोग प्राप्त भएको थियो । कोषका लागि प्रधानमन्त्री ओलीलाई आइएमई ग्रुपले पाँच करोड रूपैयाँ हस्तान्तरण गरेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति 'गोप्य'

- सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ ।
- आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र पनि सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्छ ।
- प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीले सम्पत्ति विवरण पेस गरेको तर सार्वजनिक गर्नुपर्ने निकायले सार्वजनिक नगरेको दाबी



■ जेबी योञ्जन

**काठमाडौं–** सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको स्रोत उल्लेख गरेर ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क (१) मा यस्तो व्यवस्था छ । यस्तै, आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र पनि सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्छ ।

तर, प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्का अधिकांश मन्त्रीको सम्पत्ति विवरण अझै सार्वजनिक गरिएको छैन । ओली गत ३० असारमा प्रधानमन्त्री नियुक्त भएका हुन् । ३१ असारमा उनले मन्त्रिपरिषद् विस्तार गरेका थिए ।

वर्तमान मन्त्रिपरिषद्का अधिकांश सदस्यहरू सोही दिन नियुक्त भएका हुन् । अधिकांश मन्त्रीले आफ्ना र परिवारको नाममा रहेको सम्पत्तिको स्रोतसहितको विवरण अद्यावधिक गरेर सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्ने र सार्वजनिक गर्नुपर्ने प्रावधानको उल्लंघन गरेका छन् ।

सरकार गठन भएको तीन महिना हुनै लागेको छ । ३१ असारमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा)लगायत दलको समर्थनमा ओली प्रधानमन्त्री नियुक्त भएका थिए । हाल ओली सरकारमा दुई जना उपप्रधानमन्त्री छन् । २० जना मन्त्री र तीन राज्यमन्त्री छन् । सोमबारसम्म उनीहरूको सम्पत्ति विवरण सार्वजनिक नगरी 'गोप्य' राखिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्य प्रधानमन्त्री ओली र मन्त्रिपरिषद्का सबै सदस्यले सम्पत्ति विवरण पेस गरिसकेको बताउँछन् । तर, सार्वजनिक गर्ने कि गोप्य राख्ने भन्ने प्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरूमा निहित हुने बताए । 'सम्पत्ति विवरण त अस्ति भरिसक्नुभयो । त्यो पेस पनि भएको छ तर सार्वजनिक गर्ने कि नगर्ने भन्ने उहाँहरू (प्रधानमन्त्री, मन्त्री र राज्यमन्त्री) नै जिम्मेवार हो,' उनले प्रभावसँग भने ।

आचार्यका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सम्पत्ति विवरणको अद्यावधिक गरिसकेको छ । यद्यपि, सार्वजनिक गरिएको छैन । यसलाई लिएर सरकारको आलोचना हुन थालेको छ । सार्वजनिक पदमा रहेका व्यक्तिलाई सुशासनप्रति प्रतिबद्ध बनाउन सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको हो । तर, कार्यान्वयन गर्न न सरकार तत्पर देखिन्छ, न त स्वयं मन्त्रीहरू ।



> सार्वजनिक पद धारण गरेका व्यक्तिले अनिवार्यरूपमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । पदभार ग्रहण गरेको ६० दिनमा सम्पत्ति विवरण बुझाउनुपर्छ भन्नुको अर्थ भ्रष्टाचार नगरून् भन्ने हो । तर, अहिले त विवरण बुझाउँछन् कि बुझाउँदैनन्, सार्वजनिक नभएपछि यसै भन्न सकिँदैन ।
>
> ■ **उमेश मैनाली**
> **पूर्वप्रशासक**

उसो त प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सम्पत्ति विवरण सार्वजनिक गर्ने कुरालाई वैयक्तिक अधिकार ठानेको छ । राष्ट्रिय सतर्कता केन्द्रले पनि सम्पत्ति विवरण सार्वजनिक गर्नु व्यक्तिको नैतिकतासँग जोडिएको विषय भएको जनाएको छ । केन्द्रका सूचना अधिकारी हरिप्रसाद शर्माले सम्पत्ति विवरण सार्वजनिक गर्नु कानुनबमोजिम बाध्यकारी नभए पनि नैतिकताको प्रश्न भएको स्पष्ट पारे ।

जनताबाट अनुमोदित व्यक्तिहरूले पारदर्शिता अपनाउने हो भने राजकीय पदमा प्रवेश गर्दाको सुरूका दिन र हालसम्मका सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने उनको भनाइ छ । उनका अनुसार सम्पत्ति सार्वजनिक गर्न कुनै बाध्यकारी व्यवस्था छैन । सुशासनका कुरा गर्ने व्यक्तिहरूले जनताबाट अनुमोदन भइसकेपछि मेरो सुरूका दिनमा यति सम्पत्ति थियो, अहिले यति छ भनेर सार्वजनिक गर्दा पारदर्शी हुन्छ । यो कानुनीभन्दा पनि नैतिक प्रश्न जोडिएको विषय हो ।

नेपाली कांग्रेसबाट पर्यटनमन्त्री नियुक्त बद्री पाण्डेले यसअघि नै सम्पत्ति विवरण भरेर पठाएको तर सार्वजनिक गर्ने नि नगर्ने भन्ने विषय सम्बन्धित निकायको हात हुने भन्दै पन्छिए । 'मन्त्री भएको दुई महिनाभित्रमै सम्पत्ति विवरण भरेर बुझाइसक्यौं ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# मागपत्र प्रमाणीकरणमा दूतावासको मनोमानी, व्यवसायीलाई सास्ती

■ मोहनप्रसाद पन्त


**काठमाडौं–** वैदेशिक रोजगारीको प्रमुख गन्तव्यमध्येको एक युनाइटेड अरब इमिरेट्स (युएई)को मागपत्र प्रमाणीकरणमा त्यहाँस्थित नेपाली दूतावासको मनोमानीले झमेला व्यहोर्नुपरेको व्यवसायीले गुनासो गरेका छन् । अन्य खाडी मुलुकको तुलनामा युएईमा सहजता र अवसर रहे पनि नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा झमेला खडा गरेको भन्दै वैदेशिक रोजगार व्यवसायीले गुनासो गरेका हुन् ।

रोजगारदाताले माग गरेअनुसार एकै लटमा आएका २०० भन्दा बढी कामदारको दूतावासबाट मागपत्र प्रमाणीकरण नगर्ने व्यवस्था गरिएको छ । अर्थात् एकपटकमा एउटा कम्पनीले माग गरेको २०० जना कामदारको मात्रै मागपत्र प्रमाणीकरण हुन्छ । २०० भन्दा बढी कामदारको मागपत्र प्रमाणीकरण गर्नुपरे पुनः आवश्यक प्रक्रिया अपनाउनुपर्ने हुन्छ । यसले रोजगारदातालाई हैरानी दिनेमात्र नभई व्यवसायीलेसमेत सास्ती खेप्नुपरेको बताइन्छ ।

युएईबाट हुने मागपत्र प्रमाणीकरण पूर्णतः अनलाइनबाट हुने व्यवस्था छ । गत जेठ २४ गते परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागले युएईबाट अनलाइन प्रविधिमार्फत मागपत्र प्रमाणीकरणको सुरुआत गरेको थियो । मागपत्र प्रमाणीकरणका लागि डिमाण्ड लेटर, सर्भिस एग्रिमेन्ट, रोजगार सम्झौता, ग्यारेन्टी लेटरलगायतका कागजात पेस गर्नुपर्ने हुन्छ । जसमा पहिलो मागपत्र प्रमाणीकरणको परिणाम आइसकेपछिमात्रै अर्को डिमाण्डका लागि निवेदन दिनुपर्ने हुन्छ ।



> दूतावासका कारण ठूलो समस्या थपिएको छ । व्यवसायीले लाखौं खर्च गरी बजार प्रवर्द्धन गरेर ल्याएका मागपत्रहरु नै कटौती हुने अवस्था छ, यसले ठूलो आर्थिक भार व्यहोनुपर्ने परेको छ । यसप्रति हाम्रो गम्भीर चासो छ ।
>
> ■ **मेघनाथ भुर्तेल**
> **महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**



अनलाइन प्रविधिको प्रयोगबाट माग प्रमाणीकरणमा सहज र सरल हुनुपर्नेमा झन्झटिलो बनाइनुले दूतावासका कर्मचारीको बद्नियत लुकेको एक व्यवसायीले बताए । लामो समयदेखि युएईबाट डिमाण्ड ल्याउँदै आएका उनले पछिल्लो समय ३०० को हाराहारीमा ल्याएको मागपत्र प्रमाणीकरण गर्न पटक-पटक दूतावासलाई गुहार्नुपरेको बताए ।

'कहिले यसो गर्नु भनेको छ, कहिले उसो गर्नु भनेको छ,' ती व्यवसायीले भने, 'एउटै प्रक्रियाबाट एकैपटक मागपत्र प्रमाणीकरण गर्नुपर्नेमा त्यसो नगरी दूतावासले सास्ती दिएको छ ।' उनका अनुसार स्थानीय रोजगारदातासमेत दूतावासको कारण निराश भएका छन् । दूतावासको मनोमानी नसुधार्ने हो भने थुप्रै नेपालीले युएईको रोजगारीको अवसर गुमाउनुपर्ने र रोजगारदाताले अन्य विकल्प खोज्ने ती व्यवसायीले बताए । 'दूतावासले कोटा तोकेर माग प्रमाणीकरण गर्दा म मात्र नभएर म जस्ता धेरै व्यवसायी र रोजगारदातालेसमेत सास्ती खेप्नुपरेको छ,' उनले भने ।

यस्तै दूतावासले कोटा प्रणाली लागू गरेयता एकैपटक ठूलो संख्यामा नेपालबाट कामदार माग गर्ने कम्पनीहरू हच्किने अवस्थामा पुगेको युएईमा कामदार पठाउँदै आएका अर्का एक व्यवसायीले बताए । उनका अनुसार नेपाली नियोगको झण्झटिलो प्रक्रियाले तत्कालै ठूलो संख्यामा कामदार चाहिने कम्पनीलाई नेपालबाट कामदार पठाउन नसक्दा रोजगारीमा असर देखिन थालेको छ ।

(क्रमशः पृष्ठ २ मा)



# महिलाका मुद्दामा साझा अभियान चलाइने

**काठमाडौं (प्रस)–** महिलाका मुद्दालाई साझा सवालका रूपमा उठान गर्ने उद्देश्यले नेपाल महिला संघ, अखिल नेपाल महिला संघ र अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को संयुक्त कार्ययोजना तयार भएको छ ।

काठमाडौंमा सोमबार आयोजित छलफलमा तीनवटै संस्थाले महिलाका साझा मुद्दामा अभियान सुरु गर्ने जानकारी दिएका छन् । यसै अभियानका क्रममा कात्तिक ९ गते पूर्वसांसदबीच उपत्यका भेला गरिने भएको छ। वि.सं. २०६४ सालदेखि अहिलेसम्म निर्वाचित सांसदको उपत्यका भेला गर्ने कार्यतालिका रहेको नेकपा एमालेनिकट अखिल नेपाल महिला संघकी अध्यक्ष टुकाभद्र हमालले जानकारी दिइन् । उनले महिलाको सवाल समाजदेखि सदनसम्म बलियो बनाउने अभियानमा राजनीतिक दलका महिला भ्रातृ संगठन एक भएर अभियान नै चलाउन सुरु गरिएको बताइन् ।

नेकपा माओवादी केन्द्रनिकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की अध्यक्ष अमृता थापाले राजनीतिक आस्था र सक्रियता जहाँ भए पनि महिलाका मुद्दा स्थापित गर्न नारी आन्दोलनमा एकरूपता अनिवार्य रहेको सुनाइन् । नेपाली कांग्रेसनिकट नेपाल महिला संघकी अध्यक्ष उषा राउतले महिलाका मुद्दामा पार्टीभन्दा माथि उठेर अभियान चलाउनु जरुरी रहेको बताइन् । छलफलमा सहभागी संविधानसभा सदस्य डा. विन्दा पाण्डेले कात्तिक ९ गते हुने भेलामाथि प्रकाश पारिन् ।

वि.सं. २०६४ सालयता निर्वाचित भएका उपत्यकामा उपलब्ध हुने सांसदको भेला गरेर महिलासँग सम्बन्धित राजनीतिक, आर्थिक, सामाजिक विषयमा अन्तर्क्रिया गर्ने बताइन् । उनका अनुसार नेपालको महिला आन्दोलनको साझा मुद्दा, निर्वाचनसम्बन्धी एकीकृत कानुनमाथि छलफल, निर्वाचनमा महिलाको अवस्था, मिसन २०८४ मा ५० प्रतिशत महिला उम्मेदवारको राजनीतिक उपस्थिति हुनुपर्ने विषयमा सांसदको भूमिका कस्तो हुने भन्नेलगायत मुद्दामाथि छलफल हुने जानकारी दिइएको छ ।

# 'काठमाडौंवासीको घरमा दसैं अगाडि नै मेलम्चीको पानी'

**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले दसैं अगाडि नै काठमाडौंवासीका घरमा खानेपानी पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । मन्त्रालयमा सोमबार आयोजित पत्रकार भेटघाटमा उनले पानीका लागि तड्पिइरहेका काठमाडौंका नागरिकलाई दसैंभन्दा अगाडि नै खानेपानी खुवाउने लक्ष्यअनुसार काम भइरहेको बताए । 'काठमाडौंवासी पानीका लागि निकै तड्पिएका छन्, मेलम्चीका नागरिकसँग आग्रह गरेर दसैं अगाडि काठमाडौंवासीका घरमा पानी पुऱ्याउँछौं,' मन्त्री यादवले भने, 'विपद्को समयमा सबै नागरिकले एकजुट भएर आफूसँग भएको चिज प्रदान गर्नु नै धर्म हो ।'

काठमाडौंमा मेलम्चीको पानी ल्याउन र मेलम्ची खानेपानीको अवरोध खुलाउनका लागि आफू मेलम्चीबासीका घरमै पुगेर अनुरोधसमेत गर्ने मन्त्री यादवले बताए । उनले भने, 'मेलम्चीबासीका समस्या के हुन्, कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा मसहित सिंगो मन्त्रालय तयार छ । मेलम्ची खानेपानीको अवरोध खुलाउन र काठमाडौंका पानी ल्याउन म उनहरूको घरैमा पुग्छु ।' यसैगरी मन्त्री यादवले मेलम्चीका पीडित नागरिकका जायज मागलाई सम्बोधन गराउन आफू हरतरह लागिपरेकाले मेलम्चीवासीको मागको सहमति नजिक पुगेको जानकारी दिए । बाढीपहिरोका कारण पछिल्लो समय मुलुकमा असहज परिस्थिति रहेको भन्दै उनले परिस्थिति बुझ्न र काठमाडौंमा पानी पठाउन मेलम्चीवासीसँग आग्रह गरे । मेलम्चीका स्थानीयवासीले राखेका जायज मागलाई सरकारले वार्ताको माध्यमबाट समाधान गर्ने मन्त्री यादवले जानकारी दिए ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी ईक्वीप्मेन्ट डिभिजन, काठमाण्डौ

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२२ गते)

यस डिभिजनलाई आबश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५औ दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ।

| ठेक्का नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| HEDKTM/SQ/GOODS/01/2081–082 | Automotive Goods-One Lot | १०००।- | ४०,०००।- | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ। |

नोट : विस्तृत सूचनाका लागी www.dor.gov.np तथा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्री...

तर, पेस गरेपछि सार्वजनिक गर्नुपर्ने दायित्व हाम्रो होइन,' उनले प्रभावसँग भने। सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेस गर्ने र सार्वजनिक गर्न अनुमति दिने प्रावधान छ । २०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि यस्तो व्यवस्था गरिएको हो । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीका अनुसार सार्वजनिक पद धारण गरेका व्यक्तिले अनिवार्यरूपमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । 'पदभार ग्रहण गरेको ६० दिनमा सम्पत्ति विवरण बुझाउनुपर्छ भन्नुको अर्थ भ्रष्टाचार नगरून् भन्ने हो । तर अहिले त विवरण बुझाउँछन् कि बुझाउँदैनन्, सार्वजनिक नभएपछि यसै भन्न सकिँदैन,' उनले भने।

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तनपछि सार्वजनिक पदाधिकारीले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था अख्तियार दुरूपयोगसम्बन्धी ऐनमा उल्लेख छ । यसको बारम्बार उल्लंघन भइरहेको छ । तर, तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)बाट २०७४ सालमा प्रधानमन्त्री हुँदा ओली र उनका मन्त्रिपरिषद्का सबैले सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । यसपटक भने गोप्य राखिएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पनि सम्पत्ति विवरण गोप्य राखिएको थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा ढिलागरी सम्पत्ति विवरण सार्वजनिक गरिएको थियो ।

■■■

### मागपत्र...

उनले समस्या बल्झाउनेभन्दा पनि समाधान हुने बाटो अपनाउन र पाइरहेको रोजगारी गुम्न सक्नेप्रति दूतावास सचेत रहनुपर्ने बताए । यस्तै परराष्ट्र मन्त्रालयले तयार पारेको अनलाइन प्लेटफर्मलाई विश्वास गर्दा दूतावासले खेल्ने ठाउँ पाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । वैदेशिक रोजगार व्यवस्थापन प्रणाली (फेइम्स)लाई जोडेर मागपत्र प्रमाणीकरण 'फेसलेस', 'पेपरलेस' हुनुपर्छ र अनलाइन प्रविधिमार्फत गरिनुपर्छ भनेर व्यवसायीले नै माग गरेको उनको भनाइ छ । 'तर व्यवसायीको माग सम्बोधन गरेको जस्तो देखाएर खाडी मुलुकमा अर्कै प्लेटफर्म खडा गरेर खेलबाड गरियो,' उनले भने, 'फेइम्सअन्तर्गत प्लेटफर्म सञ्चालन गर्ने र त्यसमा रोजगारदातालाई डकुमेन्ट अपलोड गर्न मिल्ने युजर आइडी दिनुपर्ने भन्ने हाम्रो माग थियो, तर अर्को छुट्टै पोर्टल खडा गरेर खेलामेला गरियो ।'

दूतावासले सिर्जना गरेको समस्याबारे सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराइरहेको महासचिव भुर्तेलले बताए । तत्कालीन अवस्थामा फेइम्समार्फत नै मागपत्र प्रमाणीकरण हुने सोचेर व्यवसायीले सहमति जनाए पनि प्रयोगमा फरक पाइएकाले तत्कालै सच्याउन माग गर्दै त्यतिबेलाका श्रममन्त्री डोलप्रसाद अर्यालकोसमेत ध्यानाकर्षण गराइएको उनले जानकारी दिए । 'दूतावासका कारण ठूलो समस्या थपिएको छ,' महासचिव भुर्तेलले भने, 'व्यवसायीले लाखौं खर्च गरी बजार प्रवर्द्धन गरेर ल्याएका मागपत्रहरू नै कटौती हुने अवस्था छ, यसले ठूलो आर्थिक भार व्यहोनुपर्ने र रेभेन्युको कारण देखाएर कार्टेलिङ गरिएको छ, यसप्रति हाम्रो गम्भीर चासो छ ।'

दूतावासको कार्टेलिङका कारण त्यहाँका रोजगारदाताले हैरानी खेप्नुपरेको भन्दै अन्य मुलुकबाट कामदार ल्याउने विकल्पमा जान थालेको उनले बताए । जसका कारण समस्या दिनानुदिन बढ्दै गइरहेकाले समयमै समाधान होस् भन्ने आफूहरूको चाहना रहेको भुर्तेलको भनाइ छ । अन्यथा, यही अवस्था रहिरहे सबैको ध्यानाकर्षणका लागि दूतावासविरुद्ध लाग्नुको विकल्प नरहेको उनले बताए ।

■■■

### उद्धार कोषमा...

यसैगरी नेपाल बैंक लिमिटेडबाट दुई करोड, निर्माण व्यवसायी विकास परिषद्बाट एक करोड, एनएमबी बैंकबाट ५१ लाख, नेपाली कांग्रेसबाट ५० लाख, नेकपा एमालेबाट ५० लाख, नेपाल इन्स्योरेन्सबाट ५० लाख र मेटलाइफ इन्स्योरेन्सबाट २५ लाख रूपैयाँ सहयोग प्राप्त भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

असोज १८ गते एकैदिन तीन करोड रूपैयाँभन्दा बढी रकम कोषलाई हस्तान्तरण गरिएको थियो । मन्त्रिपरिषद्को गत सोमबारको बैठकले उक्त कोषमा प्रारम्भिकरूपमा एक अर्ब रूपैयाँ रकम जम्मा गर्ने निर्णय गरेको थियो । उक्त रकम पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सार्वजनिक गरेको सूचीमा समावेश गरिएको छैन । यो कोषमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादवलगायतले महिना दिनको तलब दिने घोषणा गरिसकेका छन् । यसैगरी प्रदेश सरकारहरूले पनि ५० लाख रूपैयाँको दरले सहयोग गर्ने घोषणा गरिसकेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमबार जारी गरेको सूचीमा २०८१ असोजसम्म एक अर्ब ५२ करोड ८३ लाख ५१ हजार रूपैयाँ रकम मौज्दात रहेकोमा असोज २१ सम्ममा एक अर्ब ५८ करोड ९४ लाख ८७ हजार रूपैयाँमात्र मौज्दात रहेको जनाएको छ । यो सूचीमा भाटभाटेनी सुपरमार्केटले एक करोड ११ लाख रूपैयाँ, राष्ट्रिय वाणिज्य बैंकबाट दुई करोड, कृषि विकास बैंकबाट एक करोड ५० लाख रूपैयाँ जम्मा भएको उल्लेख छ ।

**साउदीमा रोजगार**

कम्पनी : Mishari Mahdi bin Mohammed Asiri Foundation for Meals
पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311786 | चलानी नं.६०२२६३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1100 | ३९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Establishment HALOUL NAOUFEL For General Contracting
पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311784 | चलानी नं.६०२२६३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Circular Oven Catering Establishment
पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 311785 | चलानी नं.६०२२६३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 6 | 0 | 1100 | ३९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**युएईमा रोजगार**

कम्पनी : URF for Steel and Building Materials FZE
पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311862 | चलानी नं. ६०२२६२९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 1200 | ४४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २९ देखि कार्तिक २ गते (15-18 Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

**साउदी/बहराइनमा रोजगार**

कम्पनी : AL THAATY GROUP FOR TRADING
पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311463 | चलानी नं.६०२२५९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 1800 | ६४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker /labour | 9 | 0 | 1000 | ३५,७५० | | | | | | | |
| 3 | Heavy Equipment Driver | 2 | 0 | 1800 | ६४,३५० | | | | | | | |
| 4 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६४,३५० | | | | | | | |

कम्पनी : ISFAHANI RESTAURANT
पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311355 | चलानी नं.६०२२५८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen helper | 10 | 0 | 100 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUGAM OVERSEAS PVT. LTD.
Tokha-10 Samakhusi, (Ring Road) Kathmandu, Nepal, Tel: +977-01-4987183, 4986106,
E-mail: hr.sugamovs20@gmail.com, info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np
Govt. License No. 1694/081/082

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०५।२७ गते काठमाडौं जिल्ला, टोखा न.पा. २, तिल्बकको बाटोमा पार्किङ गरी राखेको कालो, रातो रङ्गको 220 CC Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : रोमन महर्जन
बाइक नं.: बा.प्र. ०२-०३१ प २५४४
च्यासिस नं.: MD2ABEX4MCE90789
इन्जिन नं. : DKXCME11856
ठेगानाः टोखा ३, भत्केको पुल, काठमाडौं
सम्पर्कः ९८१३८३७०८९

**एस इन्टरनेसनल बिजनेस स्कूल, सिनामंगलको स्थान परिवर्तन सम्बन्धी जरूरी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८१/०६/२२

काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं ९ स्थित सिनामंगलमा सञ्चालन भईरहेको यस **एस इन्टरनेसनल बिजनेस स्कूल** काठमाडौं महानगरपालिका वडा नं ३१ स्थित नयाँवानेश्वर, एकता मार्गमा रहेको कलेज भवनमा सञ्चालन स्थान परिवर्तित गर्न लागेको हुँदा सो सम्बन्धमा कसैको कुनै उजुरी दावी रहेको भए यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कलेजमा वा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारको उच्च शिक्षा शाखामा उजुरी दावी विरोध पेश गर्न हुन सार्वजनिक रूपमा सूचित गरिन्छ । उक्त मिति भित्र कुनैपनि दावी विरोध पेश हुन नआएमा नियम अनुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सनवे ईन्टरनेशनल विजनेश स्कूल प्रा.लि.,मैतिदेवी, काठमाडौंको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०६/२२

यस सनवे ईन्टरनेशनल विजनेश स्कूल प्रा.लि. का.म.न.पा. वडा नं. ३० मैतिदेवी, काठमाडौ द.नं. ७७३०३/०६७/०६८ पान ३०४५६८०३७ ले Birmingham City University, UK को सम्वन्धनमा BA(Hons) Marketing with Digital Communication, कोर्ष परिवर्तन गरी Birmingham City University,UK को सम्वन्धमा संचालन हुने BSc(Hons) Business Information Technology शैक्षिक कार्यक्रम संचालन गर्ने गरी कोर्ष परिवर्तन गर्ने निर्णय भएकोले उक्त संस्थासँग कोही कसैको केही लिन दिन वा बाँकी वक्यौता भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा माग दावी गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्चशिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका (संशोधन सहित), २०५९ को दफा ९ क को खण्ड (छ) को प्रयोजनको लागि यो सूचना प्रकासित गरिएको छ । उक्त अवधि भित्र कुनै दावि विरोध नपरेमा नियमानुसार भै जाने व्यहोरा समेत जानकारी गराईन्छ

**Kispang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kahule, Nuwakot**
**Bagmati Province , Nepal**

## Invitation For Bids

**(Electronic Bid Only)**
**Date of Publication: 8th-Oct-2024-(22th Asoj 2081)**

1.Kispang Rural Municipality, invites bids from **national** eligible bidders for 7'**Item rate contract** of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free(NRs) | Estimated Amount With Vat Including PS(NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period(day From the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| KRM/NCB/WORKS/ROAD/07/2081/082 | Tapkachet Dupchechaur Railakhola Kolchet Hudai Bairamrang Sadak Istarunnati | 3000 | 1,93,99,846.39/- | 5,50,000/- | 120 days | |
| KRM/NCB/WORKS/ROAD/06/2081/082 | Upgrading of Kirnebagar Gunsa Belsing Merechet Dongale Danda Brutungo Sadak Kispang 3 | 3000 | 96,99,474.63/- | 2,50,000/- | 120 days | |
| KRM/NCB/WORKS/ROAD/08/081/082 | Upgrading of Kamidanda Thandapani Hudai Deurali Sadak | 3000 | 96,99,224.43/- | 2,60,000/- | 120 days | |

2. Purchase, Submission and Opening

| S.N | Purchase of Bid (Last Date/Time) Date | Purchase of Bid (Last Date/Time) Time | Submission of Bid Date | Submission of Bid Time | Opening of Bid Date | Opening of Bid Time | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| 1 | 06-11-2024 | 5:00 pm | 08-11-2024 | 12:00 pm | 08-11-2024 | 2:00pm | KRM/NCB/WORKS/ROAD/07/2081/082 |
| 2 | 06-11-2024 | 5:00 pm | 08-11-2024 | 12:00 pm | 08-11-2024 | 2:00pm | KRM/NCB/WORKS/ROAD/06/2081/082 |
| 3 | 06-11-2024 | 5:00 pm | 08-11-2024 | 12:00 pm | 08-11-2024 | 2:00pm | KRM/NCB/WORKS/ROAD/08/081/082 |

3. Pre Bids Meeting

| Date | Time | Venue |
|---|---|---|
| 30-11-2024 | 11:00 AM | Kispang Rural Municipality Kahule, Nuwakot |

4. Tender procedures shall follow public procurement Act and public procurement Rules
5. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
6. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids
7. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of kispang RM.
8. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administritive Officer**

# ४३ युटचुब च्यानललाई कारबाही गर्न काउन्सिलको पत्र

**काठमाडौं (प्रस)–** प्रेस काउन्सिल नेपालले तथ्यहीन, भ्रामक र अमर्यादित सामग्री सम्प्रेषण गर्ने ४३ वटा युटचुब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई पत्राचार गरेको छ ।

एकपक्षीय, अफवाहपूर्ण, अतिरञ्जित र अश्लील सामग्री सम्प्रेषण गरेको भन्दै ती माध्यमलाई कानुनी कारबाहीका लागि पठाएको हो । काउन्सिलले सञ्चारमाध्यमका रूपमा दर्ता नभएका त्यस्ता माध्यमबाट गलत सामग्री प्रसारण गरे सचेत गराई नसच्चिएमा थप कारबाहीका लागि प्रहरीमा पठाउँदै आएको छ ।




काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयअनुसार ती सामाजिक सञ्जालसहित विभिन्न सञ्चारमाध्यमलाई कारबाही गर्ने निर्णय गरेको हो । काउन्सिलले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा गत साउन महिनायता हिंसा, आतंकलाई प्रश्रय पुग्ने, हुँदै नभएको निराधार, अफवाह फैलाउने, अतिरञ्जित थम्बनेलसहितको शीर्षक दिई जनमानसमा भ्रम फैलाउने, त्रसित तुल्याउनेविरुद्ध कारबाही तीव्र पारिएको जनाएको थियो ।

गत चैत २० गते काउन्सिलले युटचुब व्यवस्थापन, सूचीकरण र अभिलेखीकरणसम्बन्धी कार्यविधि बनाई नियमित अनुगमन र कारबाही गर्दै आएको छ । काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा युटचुबसहित विभिन्न अनलाइन सञ्चारमाध्यमलाई भएका कारबाहीबारे जनाइएको छ ।

काउन्सिलले साउन यतामात्र आचारसंहिता पालना गर्न दिइएको निर्देशन पालना नगर्ने तीनवटा सञ्चारमाध्यमलाई अवज्ञाकारीको कालोसूचीमा राखेको छ । त्यस्ता सञ्चारमाध्यम राज्य तहबाट पाइने कुनै पनि सुविधा पाउनबाट वञ्चित हुने छन् । कालोसूचीमा पर्ने सञ्चारमाध्यममा एबिपीक्राइमन्यूज डटकम, टिभिअन्नपूर्ण डटकम र सेतोखरी डटकम छन् । यो आर्थिक वर्षमा ७६ वटा उजुरी दर्ता भएका छन् भने २६९ सामग्री काउन्सिलले स्वअनुगमन गरी कारबाही गरेको छ ।

पत्रकारिताको मूल्य मान्यताअनुरूप पत्रकारिता गर्ने उद्देश्यका साथ सञ्चालित युटचुब च्यानललाई व्यवस्थित तथा मर्यादित बनाउने उद्देश्यका साथ काउन्सिलले कार्यविधि बनाई काम गर्दै आएको काउन्सिलले जनाएको छ । हाल युटचुब च्यानलबाट सम्प्रेषण हुने सामग्रीका विषयमा उजुरी र गुनासा बढ्दै गएको सन्दर्भमा कार्यविधि बनी नियमन गर्न थालिएको हो ।

# बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या २४६ पुग्यो

**काठमाडौं (प्रस)–** यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या २४६ पुगेको छ । नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणअनुसार १७८ घाइते भएका छन् भने १८ जना बेपत्ता रहेको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए ।

उनकाअनुसार कूल १७ हजार १७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै १३९ जनाको मृत्यु भएको छ । १७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उनले जानकारी दिए ।

मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाममा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ । आपत्कालीन राहत, पुनर्निर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनर्निर्माणलाई गति दिन निर्देशन दिएको प्रवक्ता तिवारीले बताए ।

विभिन्न राजमार्गका अवरोध हटाइ वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ । लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्ताबापत रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।

# स्रोत प्राप्ति र परिचालनका लागि संयुक्त पहल गरिने

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकारसम्बन्धी अन्य संवैधानिक आयोगबीच स्रोत प्राप्ति र परिचालनका लागि संयुक्त पहल गर्ने निर्णय भएको छ ।

मानवअधिकार आयोग र अन्य आयोगबीच समन्वय र सहकार्यको सम्बन्धमा नीतिगत कार्य गर्ने उच्चस्तरीय समन्वय समितिको बैठक राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष एवं समितिका संयोजक तपबहादुर मगरको संयोजकत्वमा बसेर उक्त निर्णय गरेको हो ।

'बैठकमा स्रोत प्राप्ति र परिचालनका लागि संयुक्त पहल गर्ने, नीतिगत निर्णयका विषयमा साझा धारणा निर्माण गर्ने, आयोगको सिफारिस कार्यान्वयनका लागि सामूहिक पहल गर्ने विषयमा निर्णय भएको छ,' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'आयोगको संरचनात्मक सुधारका लागि अध्ययन गर्ने, कानुनी संशोधनका विषयमा साझा धारणा निर्माण गर्ने, सबै संवैधानिक आयोगको सम्पर्क मन्त्रालय एउटै हुने व्यवस्थाका लागि पहल गर्ने निर्णय भएको छ ।'

बैठकमा आयोगले पेस गरेको वार्षिक प्रतिवेदनउपर संसद्मा छलफल हुने व्यवस्थाका लागि पहल गर्ने र आयोगको कर्मचारी दरबन्दीका विषयमा साझा धारणा निर्माण गर्ने निर्णय गरेको बताइएको छ ।


## Bhanodaya Namuna Ma. Vi.

Kuldevmandu, Bajura

**Invitation for Bids**

**IFB/RFP/EOI NO: BSS/NCB/W/01/2081-082**
**First Date of publication: 2081/06/22 (08 Oct 2024 )**

1. ***Bhanodaya Namuna Ma. Vi. has allocated funds*** towards the cost of Construction of Followings Projects and intends to apply part of the funds to cover eligible payments under the Contract *for Works*. Bidding is open to all eligible Bidders as per Section V of bidding document.
2. ***Bhanodaya Namuna Ma. Vi.*** invites electronic bids from eligible bidders for the construction of ***Following Works*** under National Competitive Bidding procedures.

| S. N. | Contract ID.No. | Name of Works | Estimated Amount (Without VAT) | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount & Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BSS/NCB/W/ 01/081-082 | Bhanodaya School Lab Building Construction | 85,11,693.87 | NRs. 3000.00 | 90 days | NRs. 2,50,000.00 Validity up to 120 days from the last date of bid submission |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   **Name of the Bank : Siddhartha Bank Limited, Falasain, Bajura.**
   **Name of Office : Bhanodaya Higher Secondary School**
   **Office Account No. : 03115100813**
   **Office Code No. : 670210010**
   or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
4. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained.
5. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Account no 03115100813 of Bhanodaya Higher Secondary School Kuldevmandu, Bajura, Siddhartha Bank Limited, Falasain, Bajura and Submit Bank Deposit Voucher along with a Bid.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Hour on 13/11/2024.***
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hour and 13/11/2023 at the Bhanodaya Namuna Ma. Vi., Kuldevmandu,Bajura .
8. Bhanodaya Namuna Ma.Vi., Kuldevmandu, Bajura Reserves Right to accept or Reject any or all bids.
9. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Headmaster**



## कर्जन्हा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिरहा, मधेश प्रदेश, नेपाल

**बिद्युतिय बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२२ गते)

यस कर्जन्हा नगरपालिकाको आ.व. २०८१/८२ को लागि स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तपसिल बमोजिमको कार्य बोलपत्र द्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरूबाट ठेक्का नं KM-W-NCB-02-2081-82, KM-W- NCB-03-2081-082 को हकमा मिति २०८१/०७/२५ गते दिनको ११:०० भित्र रकम रू. ३०००।- सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतिय प्रणालीको माध्यमबाट बोलपत्र सम्बन्धि कागजात खरिद गर्न यस कार्यालयको नाउँमा रहेको माछापुछ्रे बैंक कर्जन्हा शाखा स्थित खाता नं ०८०००८८३३६००००२२ (अन्तरिक राजस्व खाता ग १-१) मा जम्मा गरि सोको सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाउँमा रहेको धरौटी खाता नं ०८०००८८३३६००००११ (माछापुछ्रे बैंक, स्थानीय तह धरौटी खाता ग ३-१) मा जमानत रकम जम्मा गरिएको भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क बर्गको बैंकबाट जारी गरिएको बिडबन्ड (बोलपत्र खुलेको मिति बाट कम्तिमा १२० दिन सम्म मान्य हुने) र आवश्यक कागजात सहित बिधुतिय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै बोलपत्र मिति २०८१/०७/२५ गते दिनको अपरान्ह ११:३०) मा उपस्थित रहेका बोलपत्रदाताहरूको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खुल्न कुनै बाधा पर्ने छैन ।

थप जानकारीको लागि Website http//www.bolpatra.gov.np/egp मा वा ९८४२९९७३७३/९८१३५२४०९२/९८४०१३००७९ मा सम्पर्क गर्न सकिन्छ ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रू. ( मु. अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर | जमानत रुकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | KM-W-NCB -02- 2081-082 | Construction of Adhuro ward Office, Ward no.1 | १२८१०१५६.३९।- | ३०००।- | ३२५०००।- | |
| २. | KM-W-NCB -03- 2081-082 | Adhuro Swasthya Chauki Nirman Karya | २६०१४४२.९२।- | ३०००।- | ७००००।- | |

प्रमुख प्रशासकिय अधिकृत



## बर्दिवास नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी
मधेस प्रदेश, नेपाल

**औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र आह्वान**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०६।२२ गते)

यस नगरपालिका अन्तर्गतका बर्दिबास अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरूमा निशुल्क वितरण हुने औषधी तथा सर्जिकल सामान खरिद कार्यका लागि देहाय बमोजिम बोलपत्र आह्वान गरिएको छ ।

| क्र.स. | बोलपत्र नं. | खरिद गर्नुपर्ने कामको विवरणहरु | लागत अनुमान रु. (भ्याट बाहेक) | जमानत वापतको रकम (रु) | बोलपत्र फारम दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १. | BM/NCB/ G/080/81/01 | औषधी तथा सर्जिकल सामान खरिद कार्य | ४९,२४,१८४/८० | १४५,०००/- | ३०००/- |

नोटः- बोलपत्र सम्बन्धि आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:- www.bolpatra.gov.np/egp मा राखिएको छ ।



## Bardibas Municipality
## Office of Municipal Executive

**Bardibas, Mahottari**
**Madhesh Province, Nepal**

**Invitation for Online Bids**

***First Date of publication:- 2081/06/22 (2024/10/08)***

1. The Bardibas Municipality, Bardibas, Mahottari invites electronic bids from eligible bidder for the following work.

| S.N. | Contract ID No. | Description of Works | Total Estimated Amount (With VAT and PS) | Bid Security Amount (NRs.) | Bid Documents Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | BM/NCB/Works/ 2081/082-01 | Construction of black top road from Cheru Jor Bato to Paani Tanki Road | NRs. 11792260.87 | NRs. 300000.00 | NRs.3000.00 |
| 2. | BM/NCB/Works/ 2081/082-02 | Construction of black top road from Bishwokarma Chowk to Faarline Road | NRs. 3950800.34 | NRs. 100000.00 | NRs.3000.00 |
| 3. | BM/NCB/Works/ 2081/082-03 | Construction of black top road from Brahamdev Mahatto's house to Satrudhan yadav's house | NRs. 4935152.84 | NRs. 125000.00 | NRs.3000.00 |
| 4. | BM/NCB/Works/ 2081/082-04 | Construction of black top road from Veterinary chowk to Banke Khola | NRs. 4935152.84 | NRs. 125000.00 | NRs.3000.00 |
| 5. | BM/NCB/Works/ 2081/082-05 | Construction of black top road from Subhnarayan's house to Tekendra's house | NRs. 8844434.78 | NRs. 225000.00 | NRs.3000.00 |

2. Eligible Bidders may obtain further information from the Bardibas Municipality, Bardibas, Mahottari during office hour or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted electronically through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 Hrs. on 2081/07/26.** Bids received after this deadline will be rejected.
4. The bids will be opened at **13:00 Hrs. on 2081/07/26** at the office of Bardibas Municipality, Bardibas, Mahottari.
5. Bardibas Municipality, Bardibas, reserves the right to reject or accept or cancel any bid partially or fully without assigining any reasons, whatsoever.

***Chief Administrative Officer***

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कालोबजारी नियन्त्रणमा कडाइ गर

विपद्लाई कारण देखाउँदै अहिले हरेक क्षेत्रमा कालोबजारी मौलाएको छ । दसैं मान्न गाउँघर हिंडेका यात्रीलाई महँगो दरमा टिकट भिडाउनेदेखि दैनिक उपभोग्य सामानलाई दोब्बर तेब्बर मूल्यमा बेच्नेसम्मको तिकडम जारी छ । यद्यपि, यस विषयमा सरकारले कुनै चासो दिएको छैन । महँगी र ठगी नियन्त्रण कसले गर्ने ? नियमन गर्ने कुनै निकाय छैन ।

हुन त विपद्कै समयमा राज्यको उपस्थिति कतै देखिएन । तालुकदार मन्त्रालयको नेतृत्वमा बस्ने मन्त्रीहरू बाढीपहिरोले क्षति पुगेको आँगनसम्म पुग्न १० दिन लगाउँछन् भने त्यस्तो सरकार प्रमुखबाट के आशा गर्नु ? अहिले जनता कहिले सडक नभएको कारण देखाउँदै, कहिले बाटो लामो भएको भन्दै दोब्बरसम्म मूल्य तिर्दै बसको टिकट किन्न बाध्य छन् । सडकमा चापको कारण देखाउँदै हवाई यात्रामा उस्तै लुट जारी छ ।

उपभोग्य सामानमा ठगी उस्तै छ । तरकारीको भाउ त्यसैगरी बढ्दा सरकारी निकायलाई कहिले दसैं लाग्ला र ढुक्कले बसौंला जस्तो भएको छ । केही ठाउँमा सादा पोसाकको प्रहरी खटाएर व्यवसायी भड्काउने कामबाहेक सरकारले केही गर्न सकेको छैन । दसैंमै कमाउने मौका भन्दै व्यवसायीले पनि सर्वसाधारणलाई मर्कामा पारिरहेका छन् ।

यस्तो बेला सरकारले अभिभावकको भूमिका निभाउनुपर्छ । व्यवसायी र सर्वसाधारण दुवैलाई मर्का नपर्नेगरी मूल्य निर्धारण गर्ने र यसको नियमन गर्ने भूमिकामा सरकार देखिनुपर्छ । दुवै पक्षको सहमति उल्लंघन गर्ने व्यवसायीविरुद्ध अनलाइन उजुरी सप्रमाण दिन मिल्ने व्यवस्था बनाउनुपर्छ । अहिलेको युग भनेको पारदर्शिताको युग हो । सर्वसाधारणले पनि आफू ठग्ने कम्पनीबारे सार्वजनिकरूपमा धारणा राख्नुपर्छ । यस्तो गरेमा व्यवसायी पनि सच्चिन बाध्य हुन्छन् ।

सचेत उपभोक्ता बन्ने अधिकार सर्वसाधारणलाई छ । आफूलाई अतिआवश्यक भएपछि महँगै तिरेर भए पनि चुपचाप किन्ने बानी खुला प्रतिस्पर्धात्मक व्यवसायका लागि निकै घातक हो । त्यसैले पनि उपभोक्ताले पनि यसबारे आवाज उठाउनुपर्छ । सरकारं मौन बस्नै हुँदैन । व्यवसायीले पनि अबका दिनमा आफूलाई अब्बल देखाउँदै लैजाने हो भने सेवा राम्रो र गुणस्तरीय दिएर लुट बन्द गर्नुपर्छ । यसो गर्न सके न त सर्वसाधारण ठगिन्छन्, न त व्यसायी नै घाटामा पर्छन् । सरकारले पनि आफ्नो जिम्मेवारी पूरा गर्दा जनताको विश्वास बढेर आउने छ । यसैले चाँडोभन्दा चाँडो कालोबजारी अन्त्य गरी सरकारले राज्य भएको अनुभूति दिलाओस् ।

## दसैं उदात्त संस्कृतिको विराट आयाम



■ डा. शोभाकर पराजुली

हरेक पर्वले सामाजिक र सांस्कृतिकसँगै एउटा मानवीय सन्देश पनि दिइरहेका हुन्छन् । जो अन्ततः मानव जाति र प्रकृतिको चक्रसँग गाँसिएको हुन्छ । दसैं पनि त्यस्तै हो । दसैं मान्ने तरिका फरक छन्, कसैले टीका लगाउँछन्, कसैले रातो लगाउँछन् त कसैले सेता, कसैले कालो । कसैले मासु खान्छन् कसैले खाँदैनन् । कसैले कस्तो वेष धारण गर्छन्, कसैले कस्तो । जसले जे नाम वा जसरी मनाए पनि दसैंको महिमा अनि महत्त्व पनि एउटै हो । यो मानव जाति र प्रकृतिको अन्य सम्बन्ध र पारस्परिक परिचक्रसँग जोडिएको छ ।

*बसन्त-शरदावेव सर्वनास करावुभौ ।*
*तस्मात तत्र प्रकतम्बम् चण्डिका पूजनम् बुधैः ॥*

वर्षा सकिएर हाम्रो माटो ओभाउन थालेसँगै यतिबेला नेपालीका घरआँगनमा दसैंको उल्लास छरिइसकेको छ । मौसम नै एक प्रकारले दसैंको भावमा सुगन्धित हुन थालेको छ । देशको सबैभन्दा ठूलो यो पर्वले फेरि एकपटक सम्पूर्ण नेपालीलाई एउटा आत्मीयताको मालामा गाँसेको आभाष छाएको छ ।

वसन्त अनि वर्षा ऋतु र शारदीय मौसमको आरम्भसँगै एउटा भव्य सांस्कृतिक सुगन्ध छाउँछ दसैंको । यो श्लोकमा दसैंको सांस्कृतिक, प्राकृतिक अनि मानवीय संस्कारको एउटा आदिम साइनो गाँसिएको छ । यसको अर्थ हुन्छ, वसन्त अनि वर्षायामसँगै शरदीय मौसम सुरू भएसँगै चण्डीपाठ गर्दा त्यो बीचमा भएका अनि आउँदा संकट पनि सबै नाश भएर जान्छन् भन्ने मान्यता हो ।

दसैंको सांस्कृतिक पक्ष अर्थात् यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् । उसै पनि अध्यात्मिक पवित्र भूमिका रूपमा चिनिने नेपाल राज्यमा सनातनदेखि नै दसैंको परम्परा सुरू भएको देखिन्छ । नेपालको इतिहासमा लिच्छविकालको सुरूआतदेखि नै यस्ता वैदिक सनातन संस्कार प्रचलनमा आएको देखिन्छ । यहाँको आदिमानव सभ्यतामा वैष्णव, शैव, शात्तलगायत धर्ममा गरिने देवीको पूजाआजाको धार्मिक परम्परा नै दसैंका रूपमा स्थापित हुँदै गएको पाइन्छ ।

यद्यपि, यसका अनेक किंवन्दती छन् । यसका वैदिक अनि धार्मिक मान्यता छन् र यसका आ-आफ्नै मौलिकता छन् । धर्म अनि परम्पराबाट अलि परबाट हामीले यसलाई महसुस गऱ्यौं भने दसैं एउटा सामाजिक उत्सव पनि हो । जहाँ नेपाली समाजको विविधताबीच एकता पनि झल्किन्छ । अनेक विविधताले भरिएको नेपालमा हरेक पर्व मनाउने सबैका आ-आफ्नै तरिका छन् । संस्कार अनि परम्परा छन् । तथापि हरेक पर्व अनि उत्सवहरूले दिने सन्देशमा भने तात्त्विक अन्तर देखिन्छ ।

अर्थात् हरेक पर्वले सामाजिक र सांस्कृतिकसँगै एउटा मानवीय सन्देश पनि दिइरहेका हुन्छन् । जो अन्ततः मानव जाति र प्रकृतिको चक्रसँग गाँसिएको हुन्छ । दसैं पनि त्यस्तै हो । दसैं मान्ने तरिका फरक छन्, कसैले टीका लगाउँछन्, कसैले रातो लगाउँछन् त कसैले सेता, कसैले कालो । कसैले मासु खान्छन् कसैले खाँदैनन् । कसैले कस्तो वेष धारण गर्छन्, कसैले कस्तो । जसले जे नाम वा जसरी मनाए पनि दसैंको महिमा अनि महत्त्व पनि एउटै हो । यो मानव जाति र प्रकृतिको अन्य सम्बन्ध र पारस्परिक परिचक्रसँग जोडिएको छ । यसको अन्तिम लक्ष्य भनेको मान्छे र प्रकृतिको आदिम साइनो पनि हो, जसको चक्रमा यो सिंगो ब्रह्माण्डको अस्तित्व अनादिकालदेखि नै रहिआएको छ ।

धार्मिक किंवदन्तीअनुसार देवीले दैत्यहरूको नाश वा बध गरेपछि त्यसलाई उत्सवका रूपमा मनाउने क्रममा दसैं स्थापित भएको मानिन्छ । त्यसैलाई विजयादशमी पनि भन्ने गरिन्छ । अनि कतिपय शास्त्रमा रामले देवीको पूजा गरेपछि रावणमाथि विजय प्राप्त गरेका मान्यताहरू स्थापित छन् ।

हिन्दू परम्परामा मानिँदै आएका कोटीकोटी देवीदेवता वा भगवानमध्ये दसैंमा खासगरी शक्तिपीठ अर्थात् देवीहरूको पूजा हुन्छ । त्यो भनेको दसैं असत्यमाथि सत्यको विजयोत्सवका रूपमा पनि लिइन्छ । यस अर्थमा दसैंलाई शक्ति उपासनाको पर्वका रूपमा लिन सकिन्छ ।

हिन्दू शास्त्रहरूमा यसका आ-आफ्नै विधि र प्रक्रिया छन् । जस्तो कि विजयादशमीका बेला



हामीले लगाउने टीका, जमरा अनि आशीर्वादका पनि आफ्नै मान्यता र अर्थ छन् । यसका वैज्ञानिक व्याख्यातिर नजाने हो भने यी दसैंका यी सबै अवयवहरूमा मानव सभ्यताका गहिरा अर्थहरू गाँसिएका छन् । जस्तो कि दसैंका बेला आफूभन्दा ठूला, मान्यजन अनि अग्रज आफन्त दसैंमा टीका लगाउँदा यसरी आशीर्वाद दिने चलन छ-

*आयुद्रोणसुते श्रियं दशरथे सत्रुक्षयं राधवे ।*
*ऐश्वर्यं नहुषे गतिश्च पवने मानंच दुर्योधने ॥*
*सौर्य शान्तनवे वलं हलधरे सत्यंच कुन्तीसुते ।*
*विज्ञानं विदेरे भवतु भवतां कीर्तिश्च नारायणे ॥*

यसमा अष्ठ चिरञ्जीवीको जस्तो दीर्घायू, राजा दशरथको जस्तो धन सम्पत्ति, रामचन्द्रको जस्तो सत्रु नाश गर्ने शक्ति, भीष्मका पराक्रम अनि कृष्णका दाजु बलरामको शक्ति, युधिष्ठिरको सत्यवादिता, विदूरको ज्ञान-विज्ञान अनि नारायणको अविनाश कीर्तिहरूको सन्देश गाँसिएको छ ।

खासगरी पुरुषहरूलाई दिइने यस्तो आशीर्वादमा मात्रै धर्म वा किंवदन्ती छैनन् । बरू यसमा ज्ञान-विज्ञानका कुरा पनि गाँसिएका छन् । यसरी दसैं र यसलाई मनाउने तरिका अनि परम्परामा विज्ञान पनि मिसिएको छ । हामीले दसैंका बेला अपनाउने कतिपय संस्कार वैज्ञानिक पनि छन् । यी अनुसन्धानले पनि प्रमाणित गरेका कुरा हुन् ।

*जयन्ती मंगला काली भद्रकाली कपालिनी ।*
*दुर्गा, क्षमा, शिवा, धात्री, स्वहा, स्वधा नमस्तुते ॥*

महिलाका लागि टीका, जमरासँगै दिइने यो आशीर्वादको अझ गहिरो अर्थ लाग्छ । यो भनेको हाम्रा सृष्टिका हरेक नारीहरूको सम्मान हो । अर्थात् नारीलाई देवीशक्तिका रूपमा पूजा गर्ने हाम्रो सनातन परम्पराअनुसार नारीलाई देवीकै अवतारका रूपमा लिइन्छ । यसरी दसैंले मानव सभ्यता र यसको सृष्टिलाई धर्मका माध्यमद्वारा बलियो गरी बाँधेको हुन्छ ।

अर्को हिसाबबाट हेर्ने हो भने दसैंका सामाजिक अनि आर्थिकशास्त्र पनि छन् । वर्षायामभरि खेतीपाती सकेर यो समयमा हरेक किसानले आनन्दपूर्वक दसैं मनाउने गर्छन् । टाढा-टाढा रहेका आफन्त अनि परिवारका सदस्यहरू एकै ठाउँमा भेला भएर खुसी र आत्मीयता साट्ने यो पर्वको आफ्नै सामाजिक मान्यता पनि छन् । यसबेला बजार पनि चलायमान हुन्छ । नयाँ-नयाँ सामान भित्रचयाउने अनि किनमेलका लागि यो पर्वले राज्यको अर्थबजारलाई पनि गतिशील बनाइरहेको हुन्छ । तसर्थ, दसैं आफैंमा धार्मिक पर्व त हो नै, त्यसका लागि सामाजिक अनि आर्थिक हिसाबले पनि दसैं एउटा परिवार, समाजमात्रै नभई सिंगो राष्ट्रका लागि पनि महत्त्वपूर्व अवसर मानिन्छ । योसँगै सुरू हुने तिहार अनि छठ पर्वले पनि एकअर्को समुदायलाई धार्मिक र आत्मिक गाथामा बाँधेको हुन्छ । यसबाट हाम्रो सनातन समाजको सहिष्णुता र मिलाप दर्साउँछ । त्यसमा पनि नेपाल आफैंमा एउटा बहुधार्मिक अनि बहुसांस्कृतिक समाज मिलेर बनेको एउटा सार्वभौम र स्वायत्त राष्ट्र हो । त्यसैले पनि यहाँका परम्परा अनि संस्कृतिहरूको पहिचान विश्वमाझमै अलग प्रकारको छ ।

जे होस् अनेक संस्कृतिले भरिपूर्ण हाम्रो देशमा यस्ता हरेक पर्वले सामाजिक सद्भाव, भ्रातृत्व अनि हरेक समुदाय र समाजलाई प्रेमिल बनाउन सघाइरहेका हुन्छन् । त्यसैले पनि नेपाली समाज आफैंमा सभ्यता र संस्कृतिको विराट भूमि पनि हो । दसैं, तिहार र छठ पर्वको यो पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, उन्नति अनि समृद्धिको शुभकामना । *रासस*

## मननयोग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने । क्रमशः




## ओई सरकार, तँ कहाँ छस् ?

८१ वर्षका हरिशरण काकाको कान ठचाप्पै छ । ३५ वर्षअघि फागुन ७ गते प्रजातन्त्र दिवसका दिन गाउँबाट दोस्रोपटक सरकार खोज्न सहर छिरेका बेलादेखि नै उनको कान सुन्नै नसकिने गरी ठप्प छ । सात सालमा सातै वर्षका उनले सरकारको बारेमा थाहा पाउने कुरै भएन । उमेर बढेसँगै अलिअलि लेखपढ गर्न थालेपछि त उनी गाउँ-सहर गरिरहन्थे । आफ्ना बाउले पढ्न नपाए पनि आफूलाई सहरा राखेर पढाएकाले उनले गाउँका सबैलाई पढाउनुपर्छ भन्ने उद्देश्य लिएका थिए । त्यत्तिबेला अहिलेको जस्तै विद्यालयको पहुँच पो कहाँ थियो र ? अनि पढाउने शिक्षक पनि त पाउन मुस्किल नै थियो । त्यही भएर उनले आफ्नो गाउँमा विद्यालय सञ्चालनका लागि निकै नै मिहेनत पनि गरे ।

वि.सं. २०१७ सालमै उनी सामाजिक रूपान्तरण भन्दै युवा जोसका साथ सहर र गाउँ गर्न थाले । परिवर्तन सम्भव छ भन्ने उनको सोच थियो । त्यसका लागि शिक्षा र स्वास्थ्यमा नै जनताको पहुँच पुग्नुपर्ने संकल्प थियो । त्यसका लागि पढेलेखेका उनै विद्यालय खोल्छु भन्ने हरिशरणसँग गाउँका अधिकांश मानिसहरू बोल्नै छाडे । तर हरिशरणले हार भने खाएका थिएनन् । उनी निरन्तर विद्यालय स्थापनाका लागि लडिरहे ।

२०१७ सालमा गाउँमा पञ्चायतको निकै रौनक थियो । त्यो रौनक शासकका नजिक भएजस्तो गर्नेहरूका लागिमात्र थियो । पञ्चायतको समर्थन गरे जे गर्न पनि छुट तर त्यसभित्रका विकृत कुरा गरे गाउँ नै निकाला गर्ने दम्भ पञ्चहरूको थियो । राजाकै गाउँ र वरपरकै गाउँका मानिसहरू पनि त्यसरी प्रताडित बनेका थिए ।

त्यही कुरा हरिशरणलाई फिटिक्कै मन परेको थिएन । १७ सालदेखि नै जोसिएर त्यसका विपक्ष उभिन्थे । राम्रा कामको खुलेरै प्रशंसा पनि गर्दथे । उनकै एउटा माग थियो । नागरिकले सरकार भएको अनुभूत गर्न पाउनुपर्छ । २००७ सालमा राणा शासन फालेर ल्याएको प्रजातन्त्र त्यही १७ सालमा दलमाथि प्रतिबन्ध गरिएको थियो । बहुदलका नाममा ठेकेदारी सुरू हुन लागेको भन्दै राजा महेन्द्रले १७ सालमा शासनसत्ता लिएर बहुदलमाथि प्रतिबन्ध लगाए । हरिशरणहरू त्यसको प्रतिकार गर्न हौसिए । भर्खरका युवाहरू जोस जाँगर देखाउन के बाँकी राख्थे र ! पञ्चायतको विपक्षमा बोल्न थाले । २०४६ सालसम्म गाउँ-सहर गर्दै जनताका छोराछोरीलाई पढाउने काममा लागि नै रहे । ढल्कँदै गएको उमेर अर्थात् ४६ काट्न लाग्दा पनि उनले सरकार छ भन्ने अनुभूति गर्न पाएनन् भन्दै सरकार खोज्न न्युरोड पुग्दा झडपमा परेर उनको कान ठप्प भएको अहिलेसम्म पनि ठप्पै छ ।

२०४६ सालपछि परिवर्तनका संकेत देखिन थाले । हरिशरणहरूले खोजेको र रोजेकोजस्तो परिवर्तन हैन । सत्तामा हुनेहरूको गुणगान गाउने गणेशहरूको मात्र परिवर्तन भयो । घर, बारी, घोडा, गाडी सबै उनीहरूका लागिमात्र भए । हरिशरणहरू फेरि सरकारको खोजी गर्न थाले, तर पाएनन् ।

बरू ४५ सालतिर भारतले नाकाबन्दी लगाउँदा पञ्चायतकै शासक भए पनि मरिचमानहरूले जनतालाई भोकै राखेनन् । हवाईजहाजबाट नूनदेखि दैनिक खाद्यान्न ल्याएर वितरण गरे हरिहरण काका मटचांग्रालाई सुनाउँछन् । तर, आफूलाई जनताका भन्नेहरूले जनताको नाममा लुट्ने सिवाय केही गरेनन्, बुझिस् !

काकाले मटचांग्रालाई निकै भावुक हुँदै सुनाए । काकाको गहभरि आँसु थियो । नहोस् पनि किन जीवनमा परिकल्प नै नगरेको दुख परेको थियो । पुर्खालेसमेत नभोगेको भोग्नुपरेको थियो । उनीसँग सिंगो शरीरबाहेक सबै खोलाले बगाइदिएको थियो । १७ सालदेखि सरकार खोज्न हिंडेका हरिशरण काकाले ८१ सालसम्म पनि सरकार पाएका थिएनन् । सरकार थियो रे सिंहदरबारतिर । त्यही सरकारको भिजिलान्तेहरू साँझ परेपछि भैंसेपाटीतिर बनाएको आलिसान महलतिर टहल्न थाले । तर, त्यहीँबाट महासागरजस्तै गरी गाउँ नै सिनित्त पारेर बगेको बागमती देखेनन् । बाढीले बगाएको आफ्नो जनता देखेनन् ।

बागमती खोला जसरी बौलाएको थियो । त्यसैगरी रोशी खोला पनि गड्गडाइरहेको थियो । कसैले कसैलाई बाँकी राख्दै राखेनन् । बाटो, पुल पुलेसा, घरबारी, खेत, वस्तुभाउ सिनित्तै पारेर खोलाले लैजाँदा पनि सरकारका नाइकेहरू भैंसेपाटी र सिंहदरबारभित्र बसेर पावर भएको चस्मा खोज्नमै व्यस्त थिए । विचरा ! ती नाइकेहरूलाई त्यो चस्मा खोज्न कम्ती गाह्रो भएन र ! बरू खोला बगाएका, आफन्त गुमाए, घरबारविहीन भएकाहरूलाई त्यत्ति गाह्रो भएको थिएन होला !

हरिशरण काका हिक्क-हिक्क गर्दै आँसु पुछ्छन् । उमेरले नेटो काटिसक्यो । अब त डाँडामाथि घाम भइएको छ । तर पनि खै त न्याय ? मैले १७ सालदेखि पटक-पटक खोज्दै हिंडेको सरकार अहिलेसम्म फेला परेन । बरू त्यही सरकार खोज्दाखोज्दै मेरा पुर्खा सिँचेको यही माटो पनि दैवले बगायो । तर, मलाई किन बगाएन ? हरिशरण काका ८१ वर्षको उमेरसम्म कहिल्यै निराश नभएको व्यक्ति अहिले सरकार नभएकोले दुःखी भएका छन् । सरकारको अनुभूति हरिशरण काकाले गर्न पाउँदै पाएनन् । ४६ सालदेखि ८१ सालसम्म पनि उही १७ साले प्रधानपञ्चहरूले जस्तै पाँच पाण्डवहरूले खेलाइरहेका छन् देश र जनतालाई बुझिस् कान्छा ?

काकाले ८१ वर्षदेखि बुझेको कुरा त्यो विचरा मटचांग्राले के बुझ्न सक्थ्यो र ? १० वर्षसम्म चलेको गोला बारुदको खेल होस् वा प्राकृतिकरूपमा भएको विनासकारी भूकम्प वा महामारी नै किन नहोस् । पाँच पाण्डवहरूको मन कहिल्यै छोएन । बाढीले बगाओस् कि हुरीले उडाओस् मन पग्लँदै पग्लिएन ।

बरू कथाकुथुंगिग्र खोजेर त्यही पाँच पाण्डवले बाँदर नचाएको नचायै छन् । सरकार भन्ने त कुन दुलोमा छ पत्तै छैन । झन् अहिले त एउटा हो र, तीन-तीन तहको सरकार ! आँखाभरि आँसु लिएर काका मरिमरि हाँस्छन् । अनि ठूलो स्वरले भन्छन्, ओइऽ तँ कहाँ छस् । सरकार भनेको के हो ? कहाँ छ सरकार ? जनताको सर्वस्व बगाएको बाढीको भेलमा छन् कि, कमिसनको मेलमा छस् । ओई सरकार, तँ कहाँ छस् ?

# सखिया नाचमा झुम्दै कञ्चनपुरका थारु बस्ती



**कञ्चनपुर–** कञ्चनपुरमा थारु समुदाय बाहुल्य बस्तीमा सखिया नाचको रौनक छाएको छ । यहाँ थारु समुदायका युवायुवती रातिका समयमा वडघरमा जम्मा भएर नाचमा रमाउने गरेका छन् ।

मादलको तालमा कम्मर मर्काउँदै थारु युवतीले प्रस्तुत गर्ने आकर्षक नाच हेर्न थारुलगायत अन्य समुदायका व्यक्तिसमेत झुम्ने गरेका छन् । युवाहरूले मादल बजाउने, युवतीले नृत्य र गीत पस्कने गर्छन् । स्थानीय राजेन्द्र चौधरीले दसैं नजिकिँदै जाँदा दिनप्रतिदिन यहाँका बस्तीमा नाचको रौनक थपिँदै गएको बताए । थारु समुदायमा दसैंका समयमा सखिया नाचलाई विशेष आकर्षणका रूपमा हेरिने गरेको उनले बताए । 'पहिला फुर्सद हुने भएकाले कृष्णजन्माष्टमीका दिनदेखि दसैंको टीकासम्म एक महिनासम्म नाच देखाइन्थ्यो,' जोनापुर गाउँका थारु वडघर सुरेश चौधरीले भने, 'हाल सबै जना आ-आफ्नो कार्यमा व्यस्त हुने भएकाले यो नृत्य पाँचदेखि सात दिनसम्म मात्र देखाउने गरिन्छ ।'

नृत्यमा सहभागी युवतीले भगवान् श्रीकृष्णको गाथासहितको गीत मौलिक तरिकाले गाउने गर्दछन् । गाउँका भद्रभलाद्मी, वडघर, गुरुवा, केसौकालगायतको बैठक बसी सखिया नाचको व्यवस्थापन गर्ने गरिन्छ । गुरुवाले तान्त्रिकविधिद्वारा नृत्यमा सहभागिता जनाउने युवायुवतीलाई दुष्टात्माको भवितव्यबाट जोगाउनका लागि पूजापाठ गरेपछि मात्रै नृत्यको आयोजना गरिने थारु अगुवा चेतराज चौधरीले बताए ।

यस नाचमा मादल बजाउने कार्यको अगुवाइ गर्ने व्यक्तिलाई अगुवा मदारी भन्ने गरिन्छ । अगुवा मदारीको तालमा ताल मिलाउँदै मादल बजाउनेलाई पछुवा मदारी भन्ने गरिन्छ । नृत्यसँगै गीत गाउने युवतीको अगुवाइ गर्ने मोहिन्याको सिको गर्दै नाच्ने युवतीलाई जेठ गोहीया र पछगोहीया भन्ने गरिन्छ ।

नृत्यमा मादलको तालसँगै विभिन्न मुद्रामा युवतीहरूले सामूहिक रूपमा नृत्य पस्कने गर्दछन् । जसलाई थारु भाषामा खोट (पैँया) भन्ने गरिन्छ । पैँया २२ प्रकारको हुने गरेको भए पनि हाल मदारीहरूले आफैं सिर्जना गरेर पैँयाको तरिकामा परिवर्तन ल्याएकाले यो बढी पनि हुने गरेको थारु बुद्धिजीवी दानसिंह दहितले बताए ।

उनका अनुसार यस नृत्यमा मादलको ताल र गीतसँगै नृत्य गर्ने युवतीले खुट्टाको पैतलासँगै शरीरलाई मोडेर विभिन्न मुद्रामा पेस गर्नुपर्ने हुन्छ । सप्तमीको दिनसम्म रातिको समयमा निश्चित स्थानमा गरिने पौराणिक नृत्य अष्टमीको रातभरि आयोजना गरिन्छ ।

पञ्चमीको दिनअघि सादा पोसाकमा यस नृत्यलाई पस्किने र पञ्चमीका दिनदेखि मादल बजाउने मदारीले सेतो धोती तथा कमिज लगाउने गर्छन् भने नृत्य गर्ने युवतीले रंगिविरंगी ऐना जडान गरेका लेहंगा, चोला, अगिया, सेतो फरिया र गोन्या लगाउने गर्दछन् । मादलको तालसँगै महिलाले हातमा मैजरी लिएर बजाउने गर्दछन् । अष्टमीको दिनपछि रातिमा नाचिँदै आएको सखिया नृत्यलाई अन्य समय दिउँसो नाच्ने गरिन्छ ।

दसैंपछि गाउँमा नृत्यमा सहभागी सबै जनालाई भोज खुवाउने चलन रहेको स्थानीय फुलराम चौधरीले बताए । धार्मिक मान्यताअनुरूप यो नाच आयोजना गरेमा गाउँमा अन्नबाली बढी फल्ने, रोगव्याधी हट्ने र वर्षभरिका लागि अन्न खानपुग्ने विश्वास रहेको छ । थारु समुदायमा यस नाचको परम्परा कायमै रहे पनि मौलिकतापन भने केही हराउँदै गएको थारु अधिकारकर्मी हवलदार चौधरीले बताए । 'युवाहरूले बूढापाकाबाट मादल बजाउने कला सिक्नै चाहेनन् र बूढापाकाहरूले पनि मादल बजाउन सिकाउनुपर्छ भन्नेमा ध्यान नदिँदा संस्कृतिको महत्त्वपूर्ण पक्ष नै संकटमा रहेको छ,' उनले भने ।

लवाइखवाइ र पहिरनले जातजातिको संस्कृतिबारे पहिचान दिने भए पनि सखिया नृत्यमा लगाउने पहिरनमा तथा गहनामा परम्परागत मौलिकपन हराउँदै गएको चौधरीको भनाइ छ । 'महिलाहरूले आफैंले सियोको माध्यमले सिलाएर लेहंगा, चोलीलगायत पहिरन तयार पार्थे । हाल त्यो सीप थोरै महिलासँग मात्रै संरक्षित छ तर पुस्तान्तरण हुनसकेको छैन,' उनले भने, 'कामको खोजीमा अरू ठाउँमा जानुपर्ने भएकाले परिवार छिन्नभिन्न भएकाले यस्तो समस्या आएको हाम्रो बुझाइ छ । त्यसैले मौलिकता जोगाउन सरकारी तवरबाटै संरक्षणको पहल हुन आवश्यक छ ।' *रासस*

# खप्तडमा नेपाली सेनाको स्वास्थ्य सेवाबाट बिरामीलाई राहत



**बझाङ (प्रस)–** तारा थापालाई एकैपटक टाउको दुख्ने, रिंगाटा लाग्ने, ज्वरो आउनेलगायत समस्याले च्याप्यो । घरायसी काममा दौडधुप बढी भएपछि बिरामी परेकी उनलाई हत्तपत्त सञ्चो हुने अवस्था थिएन । स्वास्थ्य चौकीमा परीक्षण गर्न जाँदा स्वास्थ्यकर्मीले दैनिक तीनपटक खानु भनेर 'सिटामोल' मात्रै थमाए ।

त्यसले बिसेक नभएपछि थप उपचारका लागि उनी खप्तड राष्ट्रिय निकुञ्जमा रहेको नेपाली सेनाको स्वास्थ्य उपचार केन्द्रमा गइन् । त्यहाँ गएपछि भने उनलाई केही दिनमै सञ्चो भयो । खप्तडछान्ना गाउँपालिका-६ राजकोटकी तारा उपचार गर्न खप्तड गएपछि भारतबाट आएका छिमेकी भने अचम्ममा परेका थिए । 'उपचारका लागि सहरतिर जानुभन्दा लेकतिर गएपछि अचम्म लाग्यो,' १५ वर्ष भारतमा काम गरेर फर्किएका देवकुमार थापाले भने, 'सबै उपचार गर्न सदरमुकाम चैनपुर, धनगढी, काठमाडौं, भारतको पलिया, नयाँ दिल्लीतिर जान्छन् । उहाँ खप्तड जानुभयो । हामी त अचम्ममा पर्‍यौं !'

तारालाई खप्तडमा उपचार गरेर सञ्चो भएपछि भने देवकुमारले पनि आफ्नी श्रीमतीलाई उपचार गर्न त्यही लगेको बताए । 'दिल्लीको गर्मी र बझाङको चिसोले रूघा र ज्वरो बढेपछि खप्तडमा जाने निधो गर्‍यौं । खप्तडमा नेपाली सेनाको ब्यारेक पुग्नु परेन । खापरदहमा हालै लागेको जगन्नाथ मेला 'ओरालु' मा नेपाली सेनाले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा उपचार गर्‍यौं र सञ्चो भयो,' थापाले भने ।

उनीजस्तै पछिल्लो समय धेरै बिरामी खप्तडमा रहेको नेपाली सेनाको उपचार केन्द्रमा आकर्षित भइरहेका छन् । बाजुराको खप्तडछेडेदह गाउँपालिका-१ का श्याम रावल त्यसको उदाहरण हुन् । लामो समय भारत बसेका उनी ओरालु मेला भर्न जाँदा लेक लागेर रिंगटा लाग्न थालेपछि आफन्तको सुझावपछि नेपाली सेनाको स्वास्थ्य शिविरमा गएर सञ्चो भएको बताउँछन् । 'मलाई त खै के पो हुने हो जस्तो लागेको थियो । उपचारका लागि नजिकै अर्को विकल्प पनि थिएन । त्यहाँ गरिएको सानो उपचारले खप्तड बसाइँ सहज भयो,' रावलले भने ।

खप्तड जाँदा हुने यस्ता समस्याका बेला खप्तड ब्यारेकमा रहेको उपचार सेवा धेरैका लागि प्रणदायी बनेको छ । पर्यटक, गोठाला, तीर्थालुलाई पछिल्लो समय यो सेवा ढुक्कले खप्तड जाने आधार बनेको छ । गोठालो गर्न गएका प्रेम खड्काले हाल नेपाली सेनाको ब्यारेकबाट उपलब्ध हुने औषधि तथा उपचार सेवाले यहाँ आउनेलाई निकै सहज भएको बताए । 'गाउँघरतिरका स्वास्थ्य चौकीमा प्रायः सिटामोल मात्रै पाइन्छ, न गतिलो औषधि, न उपचार नै । त्यसैले हामी त सानो समस्या भए पनि खप्तडमै आउँछौं । यहाँ औषधिसँगै परामर्श राम्रो छ,' उनले भने ।

समरजित गुल्म खप्तडका गुल्मपति सेनानी रामकुमार थापाले स्वास्थ्य समस्या लिएर खप्तडमा दिनहुँ बिरामी आउने गरेको बताए । उनले मेलाका समयमा शिविर तथा अन्य समयमा ब्यारेकको मेडिकलबाटै उपचार गर्ने गरिएको बताए । उनका अनुसार ओरालु सैन्डाँडा मेलामामात्रै होइन, जगन्नाथ, दशहरालगायत मेलामा पनि हजारौं तीर्थालु भक्तजनले नेपाली सेनाले आयोजना गर्ने गरेको शिविरबाट सेवा लिने गर्छन् । 'खप्तडमा लाग्ने मेलामा हरेक वर्ष हामीले स्वास्थ्यशिविर सञ्चालन गर्दै आएका छौं । अग्लो ठाउँमा चढ्दा तीर्थालु तथा पर्यटकलाई लेक लाग्ने समस्याले धेरैलाई समस्या हुन्छ । त्यसैले उहाँहरूलाई लक्षित गरी शिविर आयोजना गर्ने गरिएको हो । त्यसबाहेक अन्य समयमा पनि दैनिकजसो २०/३० जनाले यहाँ उपचारका लागि आउने गरेका छन्,' गुल्मपति सेनानी थापाले बताए ।

यस कार्यले जुनसुकै मौसममा खप्तड भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आइपर्ने भवितव्यमा निकै सहज भएको स्थानीयले बताएका छन् । यसका साथै मध्यवर्ती क्षेत्र आसपासमा हुने विभिन्न प्राकृतिक तथा अन्य दुर्घटनामा पनि उद्धार तथा खोज गर्न नेपाली सेनाले सक्रियता देखाउँदै आएको छ ।

चाडपर्व लक्षित सुरक्षा योजना

# कर्णालीमा चार हजार प्रहरी परिचालन

**कर्णाली (प्रस)–** कर्णाली प्रदेशमा 'एकीकृत चाडपर्व सुरक्षा कार्य योजना-२०८१' अन्तर्गत चार हजार प्रहरी परिचालन गरिएको छ । हिन्दू नेपालीहरूको महान् पर्व दसैं, तिहार र छठलाई लक्षित गरेर निर्माण गरिएको सुरक्षा योजना सफल पार्न प्रदेशभर चार हजार ३५१ प्रहरी परिचालन गरिएको हो ।

चाडपर्वको बेला हुनसक्ने अवाञ्छित तथा आपराधिक गतिविधिलाई रोकथाम, नियन्त्रण गर्न तथा सडक सुशासन कायम गर्न उक्त योजना निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याइएको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले जानकारी दिए ।

'चाडपर्व सुरक्षा योजनाका साथै विपद्लाई पनि लक्षित गरेर यो योजना कार्यान्वयन गर्न/गराउन प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी कार्यालयहरूबाट उल्लिखित संख्यामा प्रहरी जनशक्ति परिचालन गरिएको छ,' उनले भने, 'उनका अनुसार परिचालित प्रहरीमध्ये चार हजार ९९ जनपद र २५२ ट्राफिक प्रहरी रहेका छन् ।'

चाडपर्वका समयमा जुवातास खेल्ने, मादक पदार्थ सेवन गरी विभिन्न आपराधिक घटना हुनसक्ने, सवारी दुर्घटनाका घटना, बैंक तथा वित्तीय संघसंस्थालगायत क्षेत्रमा हुने लुटपाट, चोरी, डकैती, गुण्डागर्दी, पाकेटमारीजस्ता आपराधिक गतिविधि कम तथा निरुत्साहित गर्ने उद्देश्यले एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको प्रहरी नायब महानिरीक्षक भट्टराईले जानकारी दिए ।

सुरक्षा योजनाअनुसार प्रदेश तथा जिल्ला कमाण्ड १२ पोस्टहरूमा १४५ जना प्रहरी परिचालन गरिएको छ । प्रदेश तथा जिल्ला 'रिजर्भ' टोली १४ वटामा ४०१ प्रहरी जनशक्ति परिचालन गरिएको छ । भवितव्य वा आकस्मिकरूपमा कुनै घटना घट्दा परिचालित प्रहरी जनशक्ति अपुग भएमा रिजर्भ टोलीले सहयोग गर्ने प्रहरी नायब महानिरीक्षक भट्टराईले बताए ।

त्यसैगरी, ४८ मोबाइल गस्ती टोलीमा २३४, १०२ मोटरसाइकल गस्तीमा १५२, पैदल गस्तीअन्तर्गत २३३ गस्तीमा ६२७, १०९ तत्काल प्रतिकार्य टोली (क्युआरटी) परिचालन गरी सोअन्तर्गत २४८, लामो तथा छोटो दूरीको १०० गस्तीमा ३७७, पिकेट ११३ स्थानमा २७६, स्ट्राइकिङ नौ स्थानमा ७६ र मातहत प्रहरी अनुगमन तीनवटामा २४ जना प्रहरी परिचालन गरिएको उनले जानकारी दिए ।

लामो तथा छोटो दूरीको गस्तीअन्तर्गत १०० गस्तीमा ३७७ जना प्रहरी खटाइएको छ । नियमित, विशेष तथा आकस्मिक चेकिङका लागि १६२ स्थानमा ३९०, ८५ ठाउँमा ट्राफिकसहित १९९ प्रहरी र बैंक तथा वित्तीय संघसंस्था, बजार अनुगमन, विशिष्ट व्यक्तिको सुरक्षालगायतको सुरक्षाका लागि १९८ स्थानमा ७५० प्रहरी परिचालन गरिएको प्रहरी जनाएको छ ।


## साउदीमा रोजगार

कम्पनी : Abdal Human Resources Company Is A Closed Joint Stock Company

पूर्व स्वीकृति मिति : २०८१/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२१ | LT. No. 285720 | चलानी नं. ६०२०११०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction labour | 77 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## युएईमा रोजगार

कम्पनी : OHANA REAL ESTATE DEVELOPMENT AND CONSTRUCTION L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०६/२० | LT. No. 311899 | चलानी नं. ६०२२०६३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Shuttering | 10 | 0 | 1200 | ४३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 70 | 0 | 900 | ३२,९०५ | | | | | | | |
| 3 | Mason Plaster | 10 | 0 | 1200 | ४३,८७० | | | | | | | |
| 4 | Steel Fixer (Labour) | 10 | 0 | 1200 | ४३,८७० | | | | | | | |
| 5 | Tile Mason | 10 | 0 | 1500 | ४३,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB CONNECT PVT. LTD**
Dhumbarahi-04, Kathmandu, Nepal, Tel : +977-14547330,
Email: info@jobconnect.com.np, Web: www.jobconnect.com.np
श्रम ईजाजत नं. १६७२/०८०/०८१



# Madi Municipality
## Office of The Municipal Executive
**Madi, Sankhuwasabha**
**Koshi Province, Nepal**

## Invitation for Bid

***First Date of Publication: 2081/06/21***

1. The Madi Municipality, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MM/NCB/W/02/081 /082**
2. Eligible Bidders may obtain further information at **Madi Municipality Office, Madi, Sankhuwasabha** during office hours or may visit E-procurement section of PPMO's Web portal *www.bolpatra.gov.np/egp.*
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 3,000.00** (non-refundable) in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2081/07/21.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-

   *Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch*
   *Name of office:- Madi Municipality, Madi, Sankhuwasabha*
   *Kosh Account no.:- 06007632080084 (for bid document purchase)*
   *Dharauti Account no.:- 06007632080034 (for bid security Amount)*

6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 5,00,000.00** issued by "A" class commercial bank or direct deposit in Municipality's Dharauti Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.

**Details of Works**

| S. N. | IFB No. | Name of Project | Location | Detail of Works | Estimated Cost Including VAT and PS |
|---|---|---|---|---|---|
| 1 | MM/NCB/W/02/081/082 | Construction of Okharbote-Mawadin-Nundhaki Sadak | Madi Municipality -4,5,7,8 & 9, Sankhuwasabha | Constructions of Sub-grade, Sub-base,base,Primix Carpeting and the Road Structures. | NRs. 1,95,70,521.25 |

**Chief Administrative Officer**

# प्रभाव दैनिक





### 'पूर्णबहादुरको सारंगी' मा गायक सपुतको डबिङ

गायक तथा अभिनेता प्रकाश सपुतले फिल्म 'पूर्णबहादुरको सारंगी'को डबिङ गरेका छन् । आफ्नो फिल्म 'वसन्त'को सुटिङ पूरा गरेर उनले सोमबार काठमाडौंमा डबिङ गरेका हुन् । सरोज पौडेलको लेखन तथा निर्देशन रहेको यो फिल्म कात्तिक १५ गतेबाट प्रदर्शनमा आउँदै छ । फिल्ममा सपुतसँगै विजय बराल, मुकुन भुसाल, बुद्धि तामाङलगायत कलाकारको अभिनय छ । यो गन्धर्व समुदायको जीवन र सामाजिक समस्यालाई केन्द्रमा राखेर निर्माण गरिएको सामाजिक कथावस्तुमा केन्द्रित सिनेमा हो ।




मंगलबार २२, असोज २०८१ (Tuesday, October 08, 2024)


## विष्णु खत्रीले ल्याए 'दसैं आइसक्यो'




**काठमाडौं (प्रस)–**

*आइसक्यो फेरि नि साहुलाई ढाँट्ने दिन*
*तिरेरै गा छैन पोहोर सालकै ऋण दसैं आइसक्यो,*
*रित्तो गोजी रित्तै छ भकारी परान खाइसक्यो ।*

यस्तै शब्द समेटेर लोक तथा दोहोरी गायक विष्णु खत्रीले हिन्दूहरूको महान् चाड दसैंलाई लक्षित गरी 'दसैं आइसक्यो' गीत सार्वजनिक गरेका छन् । गीतमा गरिबीका कारण दसैं मनाउन कठिन भएको आम नेपालीको कथा उजागर गरिएको छ ।

विष्णु खत्री नामक युटचुब च्यानलबाट सार्वजनिक गरिएको सो गीतमा गायक खत्री र लक्ष्मी खड्काको स्वर रहेको छ भने लय/शब्द स्वयं गायक खत्रीकै छ । गीतको संगीत संयोजन कृष्ण विकले गरेका छन् ।

गायक खत्रीले यस अघिका दसैंहरूमा 'दसैंमा आउ प्यारा', 'दसैं तिहार आउँदा', 'सुनको जलप', 'माया अपार', 'रिनै रिनको', 'मेरो यस्तै चाल छ', 'दसैं तिहार गाउँमा' र 'चचहुई' लगायतका दसैंसम्बन्धी लोक तथा दोहोरी गीत बजारमा ल्याएका थिए ।

# गौतमको पुस्तक 'प्रवासका फूलहरू' बेल्जियममा सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखक मणिराज गौतमको पुस्तक 'प्रवासका फूलहरू'को आइतबार बेल्जियममा सार्वजनिक गरिएको छ। अन्तर्राष्ट्रिय साहित्य समाज (अनेसास) बेल्जियम च्याप्टरले आयोजना गरेको कार्यक्रममा बेनेलक्सका लागि नेपाली राजदूत गेहेन्द्र राजभण्डारी, गैरआवासीय नेपाल संघ बेल्जियमकी अध्यक्ष सीता सापकोटालगायतले पुस्तक सार्वजनिक गरेका हुन् ।

राजदूत राजभण्डारीले विदेशमा बस्ने नेपालीहरूका अनुभवलाई देशका नीति निर्माताहरूले बुझ्नसकेमा देश विकासमा ठूलो सहयोग पुग्ने धारणा राखे । पुस्तक युरोपका नेपालीहरूको दस्तावेजका रूपमा रहने भएकाले पनि इतिहास बन्ने उनको भनाइ थियो ।

राजदूत राजभण्डारीले प्रवास बसाइँका अनुभव, संघर्ष र सफलताका साथै नेपाली भाषा कला साहित्य, संस्कृति र नेपाली मौलिक पहिचानलाई उनीहरूले कसरी विश्वसामु फैलाइरहेका छन् भन्ने विषय लिपिबद्ध गरी पुस्तक प्रकाशन गरेकोमा लेखक गौतमलाई धन्यबादसहित शुभकामना दिए ।



नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष तथा राष्ट्रिय समाचार समितिका संवाददातासमेत रहेका लेखक गौतमले पुस्तकमा मुलुकबाहिर रहेकाहरूको जीवन्त कथा लेख्ने प्रयास गरिएको बताए । उनले करिब डेढ वर्षको अन्तरालमा पुस्तक तयार गरेर विदेशी भूमिमा सार्वजनिक गर्ने अवसर पाएकोमा अनेसासप्रति आभार व्यक्त गरे ।

पुस्तकमा युरोपमा रहेका ३९ जना नेपालीको बाल्यकाल, शैक्षिक अवस्था, राजनीति, पारिवारिक अवस्था, वैदेशिक संघर्षलगायतका कथा समावेश गरिएको छ । एनआरएनए बेल्जियमकी अध्यक्ष सापकोटाले विदेशमा बसोबास गरिरहेका नेपालीहरूले धेरै चुनौतीका बीचमा पनि नेपाली पहिचानलाई निरन्तरता दिने र यसको प्रचारप्रसारका लागि लेखक गौतमले उदाहरणीय काम गरेकोमा धन्यवाद दिइन् ।

नेपाल पत्रकार महासंघ बेल्जियमका अध्यक्ष ओम शर्माले सुन्दर भविष्यको कल्पना गरेर देश छोडेका युरोपका नेपालीहरूका कथा संकलन गरेकामा पत्रकार गौतमप्रति आभार प्रकट गरे ।

त्यस अवसरमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय उपाध्यक्ष डिल्ली अम्गाईले पुस्तकमाथि टिप्पणी गर्दै यसले युरोपभित्रका अधिकतम् देशका विभिन्न पेसा वा सेवामा कार्यरत नेपाली प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरेर पुस्तक प्रकाशन गरेकोमा पत्रकार गौतमलाई धन्यवाद दिए ।

अनेसास बेल्जियमका महासचिव गोपाल दाहालले पुस्तकमाथि टिप्पणी गर्दै निकै संघर्ष गरेर तयार गरिएको पुस्तकले आमनेपालीको कथा बोल्ने बताए । अनेसास बेल्जियम अध्यक्ष सौरभ कारञ्जितले प्रवासका नेपालीहरूको संघर्षको अन्तरकथा तयार पारी विमोचनका लागि अनेसासलाई अवसर दिएकोमा धन्यवाद दिए

रंगशाला

## खेलाडीलाई उपचार खर्च

**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलाडी कल्याणकारी कोषले दुई कराते खेलाडीलाई स्वास्थ्य उपचारका लागि सोमबार आर्थिक सहयोग उपलब्ध गराएको छ ।

कोषले सिद्धिकीताज बबरलाई एक लाख ५० हजार रूपैयाँ तथा विपिनराजसिंह दर्जीलाई ७५ हजार रूपैयाँ प्रदान गरेको हो । सिद्धिकी सवारी दुर्घटना परी घाइते भएका थिए भने विपिन मिर्गौलाको समस्याबाट पीडित छन् । कोषका अध्यक्षसमेत रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले खेलाडीलाई उक्त रकमबराबरको चेक हस्तान्तरण गरे ।

सो अवसरमा कोषका सदस्यसचिव एवं नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्ट, नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) का उपनिर्देशक एवं शारीरिक सुगठनका मुख्य प्रशिक्षक राजेन्द्ररत्न तुलाधरको उपस्थिति थियो ।

## मैत्रीपूर्ण खो खोका लागि नेपाली टोली छनोट

**काठमाडौं (प्रस)–** नेपाल खोखो संघले नेपाल र भारतबीच हुने मैत्रीपूर्ण प्रतियोगिताका लागि नेपाली राष्ट्रिय पुरुष तथा महिला टोलीको घोषणा गरेको छ । कीर्तिपुरको नयाँ बजारस्थित कभर्डहलमा खो खो संघले आयोजना गरेको छनोट प्रतिस्पर्धाबाट खेलाडी छनोट गरिएको खो खो संघले जनाएको छ । पुरुष र महिलातर्फ समान १५-१५ खेलाडी छनोट गरिएको खो खो संघका कार्यवाहक अध्यक्ष छत्रबहादुर शाहीले जानकारी दिए ।

छनोट भएका पुरुष खेलाडीमा हेमराज पनेरु, जनक चन्द, सुरज पुजारा, विकरालसिं रत्तैया, रोहितकुमार वर्मा, झलक विक, वेदबहादुर ओली, विवश चौधरी, विशाल थारु, यमन पुरी, राजन वल, जोगिन्द्र राना, भरत सारु र गणेश विक रहेका छन् । वैकल्पिक खेलाडीमा पवन महर्जन, रेवन अधिकारी, मानव बोहरा, कृतिश सिन्तकला, प्रमोदराय दनुवार, धर्मराज कुश्वाह, मुकेश गोडार, विकी सुनार, आयुश गुरुङ र अमृतकाजी प्रधान छन् ।

यस्तै महिलातर्फ सरस्वती कठायत, मानमति धामी, पूजा ओड, आशा थारु, पुनम थारु, दिपा विक, निशा शाही, कर्मा शाही, सम्झना विक, दिपा विक, खुश्बु राना, कञ्चन चौधरी, वर्षा पण्डित, गीता चौधरी र अनिशा गोले छनोट भएका छन् ।

प्रेरणा विष्ट, जयन्ती कुँवर, अस्मिता राय, मोहनकुमारी श्रेष्ठ, अम्रता ओली, जमुना राय, निशा सैंजु, प्रिन्सिका गोसाईं, निभा कुमारी र कृजला जलेजु वैकल्पिक खेलाडीको सूचीमा छन् । मैत्रीपूर्ण प्रतियोगिता यही असोज २१ र २२ गते हुने छ । प्रतियोगितामा भारतको पनि राष्ट्रिय टोलीको सहभागिता रहने कार्यवाहक अध्यक्ष शाहीले जानकारी दिए ।


**साउदीमा रोजगार**

कम्पनी : Gulf Asia Contracting Company. सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311774 | चलानी नं.६०२२६२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Gulf Asia Contracting Company. सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311776 | चलानी नं.६०२२६२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 10 | 0 | 1800 | ६४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Carpenter | 40 | 0 | 1200 | ४२,९०० | | | | | | | |
| 3 | Heavy Driver | 10 | 0 | 1800 | ६४,३५० | | | | | | | |
| 4 | Scaffolder | 30 | 0 | 1200 | ४२,९०० | | | | | | | |

कम्पनी : Gulf Asia Contracting Company. सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311775 | चलानी नं.६०२२६३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason General | 20 | 0 | 1200 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 80 | 0 | 1200 | ४२,९०० | | | | | | | |

कम्पनी : Annan Tea Company for Beverage सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311778 | चलानी नं.६०२२६३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 1 | 0 | 1300 | ४६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Gulf Asia Contracting Company.

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311777 | चलानी नं.६०२२६२८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 60 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



## Madi Municipality
### Office of The Municipal Executive

**Madi, Sankhuwasabha**

**Koshi Province, Nepal**

## Invitation for Bid

**First Date of Publication: 2081/06/21**

**Procument of Works- Single Stage Two Envelope Procedure**

1. The Madi Municipality, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MM/NCB/W/01/081 /082**
2. Eligible Bidders may obtain further information at E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 5,000.00** (non-refundable) in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2081/07/21.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   *Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch*
   *Name of office:- Madi Municipality, Madi, Sankhuwasabha*
   *Kosh Account no.:- 06007632080084 (for bid document purchase)*
   *Dharauti Account no.:- 06007632080034 (for bid security Amount)*
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 9,45,000.00** issued by "A" class commercial bank or direct deposit in Municipality's Dharauti Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details of Works**

| S.N. | IFB No. | Name of Project | Location | Detail of Works | AACT of best 3 F/Ys (NRs) | Similar Size and Nature (NRs) | Bidding Capacity(NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/ NCB/W/ 01/081/082 | Construction of Okharbote-Mulkharka-Mangalbare Sadak | Madi Municipality -4,3 & 2, Sankhuwasabha | Constructions of Sub-grade, Sub-base,base,Primix Carpeting and the Road Structures. | 3,27,14633.68 | 1,30,85,853.50 | 2,61,71,706.90 |

**Chief Administrative Officer**

# युद्धविरामका लागि इजरायलमाथि ‘दबाब’ नरोकिने ह्यारिसको भनाइ



**वासिङ्टन–** अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले इजरायल र अरब नेताहरूलाई बन्धक रिहाइ र गाजामा युद्धविरामका लागि सम्झौता गर्न अमेरिकाले आफ्नो ‘दबाब’ कम नगर्ने बताएकी छन् ।

‘वासिङ्टनले इजरायलसँग मानवीय सहायताका लागि काम गरिरहेको छ र बन्धकहरूलाई रिहा गर्ने र युद्धविराम गर्ने सम्झौताको आवश्यकता छ। हामी इजरायल र अरब नेतासहित यस क्षेत्रमा दबाब दिने सन्दर्भमा रोकिने छैनौं,’ ह्यारिसले सिबिएसको ‘६० मिनेट्स’ लाई दिएको अन्तवार्तामा भनिन्। इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले ‘सुनिरहनुभएको छैन नि’ भनी सिबिएसका बिल ह्वाइटेकरले ह्यारिसलाई अन्तर्वार्ताका क्रममा उनको भनाइप्रति प्रतिप्रश्न गरेकी छन् ।

डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपति पदका उम्मेदवार ह्यारिसले अमेरिकी प्रयासका कारण इजरायलले त्यस क्षेत्रमा धेरै महत्त्वपूर्ण काम गरेको तर्क गरिन् । इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमणको उल्लेख गर्दै उनले भनिन्, ‘इजरायललाई यस प्रकारका आक्रमणबाट आफ्नो प्रतिरक्षा गर्न हामीले सक्दो प्रयास गर्नु अनिवार्य छ ।’ गाजामा अक्टोबर ७ मा हमासले एक्कासि गरेको हमलाको एक वर्षको सन्दर्भमा इजरायल उच्च सतर्कतामा छ । इजरायलले लेबनानमा हमासको इरानसमर्थित सहयोगी हिजबुल्लाहतर्फ आफ्नो ध्यान केन्द्रित गरेको छ र इरानी क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएको छ ।

गत वर्ष अक्टोबर ७ मा प्यालेस्टिनी लडाकु समूहले इजरायलमाथि गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो । इजरायलको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४१ हजार ८७० जनाको मृत्यु भएको छ । दुवैपक्षले गरेका आक्रमण र कारबाहीका क्रममा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो ।

ह्विटेकरले नेतन्याहू अमेरिकाको ‘वास्तविक र घनिष्ठ सहयोगी’ हो वा होइन भनी सोधेको प्रश्नमा ह्यारिसले भनिन्, ‘राम्रो प्रश्न के हो भने के अमेरिकी जनता र इजरायली जनताबीच महत्त्वपूर्ण गठबन्धन छ ? र, उक्त प्रश्नको जवाफमा कुनै दोधार छैन । अमेरिकी र इजरायली जनताबीच अत्यन्तै राम्रो सम्बन्ध छ ।’ *रासस/एएफपी*

# इरानको हवाई यातायात पुनः सञ्चालन

**तेहरान–** इजरायलले इरानल गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएपछि केही विमानस्थलमा उडान स्थगित गरिएको तर स्थितिको मूल्यांकनपछि हवाई यातायात पुनः सञ्चालन गर्ने घोषणा गरेको इरानका अधिकारीहरूले सोमबार जनाएका छन् ।

इरानको नागरिक उड्डयन संगठनका प्रवक्ता जाफर याजार्लूले स्थानीय समयअनुसार आइतबार राति ११ बजेदेखि पुनः उडान सञ्चालन भइरहेको र उडान तालिकाअनुसार भइरहेको जानकारी दिए । इरानले गत मंगलबार इजरायलमाथि दोस्रो प्रत्यक्ष हमलामा करिब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो, जुन इरानको रिभोल्युसनरी गार्ड्सका एक जनरलसहित तेहरान समर्थित लडाकु नेताहरूको हत्याको प्रतिशोध थियो ।

त्यसयता इजरायलले इरानको आक्रमणको जवाफ दिने बताउँदै आएको छ । इरानले सुरूमा मंगलबार रातिदेखि बिहीबार बिहानसम्म दुई दिनभन्दा कम समयका लागि आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो । त्यसपछि उड्डयन निकायले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानहरू सुरक्षाको कारण देखाउँदै पुनः नखुल्दासम्म ग्राउन्डेड गरिएको घोषणा गरेको थियो। युरोपेली संघ उड्डयन सुरषा निकायले युरोपेली एयरलाइन्सलाई अक्टोबर ३१ सम्म इरानी हवाई क्षेत्र प्रयोग नगर्न सुझाव दिएको छ ।

### इरानी वायु सेनाका कमाण्डर सम्मानित

इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणका लागि इरानले वायु सेनाका कमाण्डरलाई सम्मानित गरेको छ। इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको वेबसाइटका अनुसार सर्वोच्च नेताले ‘रिभोल्युसनरी गार्ड्स’का ‘एयरोस्पेस कमान्डर’लाई इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणका लागि विभूषित गरेका छन्। ‘अयातुल्लाह खामेनीले गार्ड्स एरोस्पेस फोर्सका कमान्डर जनरल अमिराली हाजिजादेहलाई अर्डर अफ फाथ अर्थात् ‘विजयको लागि सम्मान’ द्वारा विभूषित गरेका छन्,’ विज्ञप्तिमा भनिएको छ। वेबसाइटमा जनाइएअनुसार यो विभूषण ‘इमान्दारिता र राष्ट्रिय गौरव’ का क्षेत्रमा योगदान पुऱ्याएबापत प्रदान गरिएको हो।

६२ वर्षीय हाजिजादेहले सन् २००९ मा स्थापना भएदेखि इरानी सेनाको एयरोस्पेस युनिटको नेतृत्व गर्दै आएका छन्। इजरायली हवाई हमलामा हिजबुल्लाहका प्रमुख हसन नसरल्लाह र आइआरजिसीका शीर्ष जनरल अब्बास निलफरहानको मृत्यु भएको बदलामा इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरजिसी)ले गत मंगलबार इजरायलमाथि करिब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो। गत अप्रिलमा दमास्कसस्थित इरानको वाणिज्य दूतावासमा भएको घातक आक्रमणको बदलामा क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेपछि इरानले छ महिनायता इजरायलमाथि गरेको यो दोस्रो प्रत्यक्ष आक्रमण थियो। *रासस/एएफपी*

# लेबनानबाट ९०० भन्दा बढी अस्ट्रेलियालीको उद्धार

**क्यानबेरा–** लेबनानमा इजरायलले आफ्नो आक्रमणलाई तीव्र पारेपछि अस्ट्रेलियाले सोमबारसम्ममा ९०० भन्दा बढी आफ्ना नागरिकलाई लेबनानबाट उद्धार गरेको छ । अस्ट्रेलियाको सरकारी तथ्यांकअनुसार अस्ट्रेलिया सरकारको समन्वय तथा सहायता प्राप्त प्रस्थान उडानमार्फत ९०४ भन्दा बढी अस्ट्रेलियालीले सोमबारसम्म लेबनान छोडेका छन् ।

यसरी उद्धार भएकामध्ये अस्ट्रेलियाली नागरिक, अस्ट्रेलियाबाट लेबनानमा गई बसोबास गर्दै आएका बासिन्दा तथा उनीहरूका परिवारका सदस्यहरू रहेको जनाइएको छ। अस्ट्रेलिया सरकारले शनिबार अस्ट्रेलियालीहरूका लागि बेरुतबाट साइप्रसका लागि अस्ट्रेलियाली ध्वजाबाहक क्वान्टास र कतार एयरवेजका दुईवटा चार्टर उडान सञ्चालन गरेको थियो । क्वान्टास र कतार एयरवेजले साइप्रसबाट सिड्नीका लागि गरिएका उडानमार्फत उनीहरूलाई अस्ट्रेलिया पुऱ्याएका थिए ।

क्वान्टासको पहिलो उडान आइतबार राति ३४९ अस्ट्रेलियाली लिएर स्वदेशतर्फ उडेको थियो । अस्ट्रेलियाको प्रशासनका अनुसार अझै तीन हजार ७५० भन्दा बढी अस्ट्रेलियाली लेबनान छोड्न विदेश मामिला विभागमा दर्ता भएका छन्। सरकारले बेरुत विमानस्थल बन्द हुनसक्ने चेतावनी दिँदै लेबनानमा रहेका अस्ट्रेलियालीहरूलाई देश छोड्न बारम्बार आग्रह गर्दै आएको छ। तथ्यांकअनुसार बुधबारसम्म लेबनानमा अनुमानित १५ हजार अस्ट्रेलियाली रहेका थिए। *रासस/सिन्हवा*

# एडिबीद्वारा भारतका लागि चार करोड डलर ऋण स्वीकृत

**मनिला–** एसियाली विकास बैंक (एडिबी)ले भारतको महाराष्ट्रमा तटीय र नदी किनारहरूको संरक्षण ४२ लाख अमेरिकी डलर ऋण स्वीकृत गरेको छ । परियोजनाले स्थानीय समुदाय र प्राकृतिक पर्यावरण संरक्षणका लागि पनि महत्त्वपूर्ण काम गर्ने छ ।

एडिबीले महाराष्ट्र दिगो जलवायु-प्रतिरोधी तट संरक्षण र व्यवस्थापन परियोजनाले तटीय क्षयीकरण र नदी किनार संरक्षण समाधानहरू गर्ने बताएको छ। तटीय चट्टानहरू, समुद्र तट संरक्षण र वृक्षरोपणको पुनःस्थापना र समुद्री तटलाई स्थिर बनाउन आवश्यक कार्य यो परियोजनाको जिम्मेवारी हो। बैंकले तटीय पूर्वाधार व्यवस्थापन एकाइ स्थापना गरेर तट व्यवस्थापन योजनामा महाराष्ट्र समुद्री बोर्डको क्षमता निर्माण गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । यस परियोजनामार्फत लैंगिक समानता र सामाजिक समावेशीकरण, तटीय व्यवस्थापन र जीविकोपार्जनका गतिविधिहरूमा क्षमता निर्माणलाई सहयोग गर्ने जनाइएको छ। *रासस/सिन्हवा*


## धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री हुने सम्बन्धी ३५ दिने जरुरी सूचना !

*(प्रकाशित मिति : २०८१/०६/२२ गते)*

तपसिलमा उल्लेखित ऋणीले यस संस्थामा तपसिलमा उल्लेखित अचल सम्पत्ति सुरक्षण वापत धितो राखी लिएको कर्जामा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना लगायत अन्य दै-दस्तुर नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले मिति २०८१/०६/२० मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण रकमको साँवा, व्याज, हर्जना लगायत अन्य दै-दस्तुर भुक्तानी नगरी बेवास्ता गरी बसेको हुँदा कर्जा असुलीको लागि यस संस्थामा कर्जा सुरक्षण बापत धितो बन्धक रोक्का रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खुल्ला बोल कबोल प्रक्रियाद्वारा लिलाम विक्री गरी यस संस्थाले लिन बाँकी रकम असुलउपर गरी लिने भएकोले धितो लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस सूचनालाई समेत बेवास्ता गरी तोकिएको समय सम्म कर्जा चुक्ता फछ्र्यौट गर्न नआएमा उक्त सूचना प्रकाशित भएको मितिले ३६ औं दिन यसै सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गरिन्छ । अन्यथा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, संस्थाको विनियमावली तथा ऋण नीति २०७३ बमोजिम तपसिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरी वा आवश्यक कानूनी कारवाही गरी संस्थाले लिनुपर्ने रकम असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै धितो सुरक्षणमा रहेको जग्गा लिलाम विक्री हुन नसकी यसै संस्थाले धितो सकार गर्न परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण वक्यौता रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म प्रचलित कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर-घरानाबाट असुलउपर गर्ने असुली प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत पुनःसूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो सुरक्षण रहेको सम्पत्तिको विवरण | व्यक्तिगत साक्षी जमानीकर्ताको विवरण |
|---|---|---|
| **नाम, थर** : ग्याम्जो सुमिता थापामगर ना.प्र.प.नं. ५९९/३०८८ स्थायी ठेगाना सुनसरी, धरान-१५ (हाल काठमाडौं जिल्ला का.मा.न.पा.बानेश्वर वडा नं.३४) व्यवसाय गरी बस्ने<br>**बुबाको नाम** : शिवप्रसाद थापा मगर<br>**बाजेको नाम** : मानबीर थापा मगर | भक्तपुर जिल्ला, साविक ताथली गा.वि.स.वडा नं. २ ख कि.नं.५९३ को क्षेत्रफल ०-४-२-० (१४३.०६) वर्ग मिटर चार आना दुई पैसा) | **नाम, थर** : सुरज **बाबु श्रेष्ठ**<br>**ठेगाना** : काठमाडौं जिल्ला का.मा.न.पा.वडा नं.११, बबरमहल |
| *मिति २०८१/०७/२५ गतेसम्म असुलउपर हुन बाँकी दै-दस्तुर जम्मा रु.२५,८६,७७५।- (अक्षरेपी पच्चीस लाख छ्यासी हजार सात सय पचहत्तर रूपैया) ।* | | |

**धितो लिलामका शर्तहरू** :

१. संस्थाले तोकिएको मूल्यभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संस्थाले आफूले कबोल गरेको रकमको २५ प्रतिशत रकम सोही दिन संस्थामा जम्मा गर्नु पर्नेछ ।
२. सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति वा संस्थालाई उक्त सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा निहित रहने छ।
३. लिलाम सकार गर्ने व्यक्ति वा संस्थाले सकार गरी स्वीकृती लिएको ७ दिनभित्र सम्पूर्ण रकम भुक्तानी गरी सक्नुपर्नेछ। तोकिएको समय भित्र सम्पूर्ण रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरिएको रकम स्वतःजफत हुनेछ ।
४. लिलाम विक्री हुने अचल सम्पत्तिको सम्पूर्ण कागजात कार्यालय समयभित्र सम्पर्क राखि हेर्न सकिनेछ ।
५. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति नामसारी दाखिल खारेज गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण शुल्क दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

**दौलत बचत तथा ऋण सहकारी संस्था लि.**



## SHARADA MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
### KHALANGA, SALYAN
### KARNALI PROVINCE

## Invitation for Bids

**Date of Notice Publication: 08-10-2024**

1 The Sharada Municipality, Khalanga, Salyan invites electronic Bids from registered bidders for the Construction of following Project.

| Contract ID | Description of works | Estimated amount (excluding VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| SMO/ NCB/W/03/2081/08 | CONSTRUCTION & FINISHING OF SHUTTER BUILDINGS AT BUSPARK | 1,16,87,369.04/- | 3,25,000.00/- | 3000.00/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Sarada, Municipality, Khalanga, Salyan, Nepal, 088-520138, ito.shaaradamun@gmail.com & may visit PPMO website www.bolpatra.gov.np.
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e submission from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   Name of the Bank: **Nepal Bank Ltd.**
   Name of Office: **Sarada Municipality, Khalanga, Salyan**
   Office Account No: **07403000001001000001 (Rajashwokhata) (Code GA 1.1.0.1)**
4. Electronic bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before **12-11-2024 12:00 PM**. Quotations received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12-11-2024, 13:00 PM** at the office of Sarada Municipality, Khalanga, Salyan.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **[07403000003000000001](Dharautikhata) (Code GA 3.0.0.1)** at **[Nepal Bank Ltd. Salyan Branch]** and submit the receipt of the deposited amount of cash along with the electronic bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064(including amendment) and other prevailing rules and regulation of Nepal.

**Chief Administrative officer**



## कुवेतमा रोजगार

कम्पनी : **HAIR TIME LADIES SALON CO.**

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२१ | LT. No. 305511 | चलानी नं. ६०२२०४६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २९ गते (15th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १६०२/०७९/०८०

**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



## युएईमा रोजगार

कम्पनी : **BEROA REFRACTORY AND INSULATION L.L.C - DUBAI BRANCH**
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311859 | चलानी नं.६०२२६३५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 33 | 0 | 1200 | ४४,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | GCC Welder | 30 | 0 | 1300 | ४७,७७० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४४,०९५ | | | | | | | |
| 4 | Supervisor | 5 | 0 | 2000 | ७३,४९० | | | | | | | |

**फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा कात्तिक ४, ५, ६ गते (20, 21 & 22 October 2024)**
**PIT Training Center, Janakpur मा कात्तिक ५, ६ गते 21, 22 October 2024 मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9841980236, 9813929875
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६०५०० | प्रति तोला - ० | प्रति तोला - १९८० |



**धान भित्र्याउने चटारो** | राप्ती गाउँपालिका-६ मा धान भित्र्याउन खेतमा व्यस्त किसान । दसैं नजिकिँदै जाँदा धान पाकेपछि बाली स्याहारेर पर्व मनाउने तयारीमा किसान छन् । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# दसैंमा घर जाने टिकट पाउनै मुस्किल

■ प्रभाव संवाददाता

**काठमाडौं–** बडादसैं मनाउन जन्मस्थान जान काठमाडौं उपत्यका छाड्नेको संख्या दिनहुँ बढ्दै गइरहेका छन् । अहिले लामो दूरीका सार्वजनिक यातायात तथा हवाई टिकट पाउन मुस्किल हुन थालेको छ ।

दसैं मनाउन यही असोज १४ गतेदेखि २० गते आइतबारसम्म तीन लाख ६३ हजार १६४ जनाले काठमाडौं उपत्यका छाडेका काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले जानकारी दिए । उनका अनुसार शनिबार साँझ ६ बजेदेखि आइतबार बिहानसम्म मात्रै १६ हजार ४६५ जना काठमाडौंबाट बाहिरिएका छन् ।

दसैंका लागि काठमाडौं उपत्यका छाड्नेका कारण अहिले यहाँका नाका तथा राजमार्गहरूमा गाडीको जाम लाग्ने गरेको छ । कतिपय ठाउँहरूमा सडक भत्किने तथा भासिने गरेका कारण सवारीसाधन चलाउन तथा यात्रुहरूलाई निकै सास्ती हुने गरेको गाडी चालक बताउँछन् ।



बस तथा जहाजको टिकट पाउनै मुस्किल भएका कारण अधिकांश नागरिकहरू दसैंको समयमा पनि घर जान नपाएर काठमाडौं उपत्यकामै रोकिन बाध्य भएका सोमबार काठमाडौं बसपार्कबाट सुदूरपश्चिम जान हिँडेका कैलालीका लोकेश सिंहले बताए ।

'बस, हवाई केहीको पनि टिकट सहज पाउन सकिएको छैन, मैले त पहिले नै काटेकाले सिट पाएँ, मसँगका साथीहरू टिकट नपाएर काठमाडौंमै छुटेका छन् । कति नरमाइलो लागेको छ,' उनले भने । दसैंका लागि भन्दै अहिले यात्रुहरू महँगो मूल्य तिरेर बस तथा हवाईमा यात्रा गर्न बाध्य भएका छन् ।

यतिमात्र नभई कतिपय लामो दूरीका यात्रुहरू टिकट नपाए मुढामा बसेर भए पनि यात्रा गर्न बाध्य भएका काठमाडौंबाट अछाम जानका लागि काठमाडौंको गोंगबु बसपार्कमा भेटिएका दीपकबहादुर खत्रीले बताए । उनले भने, 'वर्ष दिनको चाड घर जानैपर्‍यो, सिटका लागि टिकट पाइएन, गाडीले भाडा मिलाउला भनेपछि बोनटमा बसेर भए पनि घर जाँदै छु ।' उनीजस्तै टिकट नपाउँदा कतिपय यात्रुहरू बसमा राखिएका मुढा तथा बसको बोनटमा बसेर यात्रा गर्न बाध्य भएका छन् ।

# दसैं आगमनसँगै मानुङकोटमा पर्यटकको चहलपहल

**दमौली (तनहुँ)–** दसैं सुरू भएसँगै तनहुँको पर्यटकीयस्थल मानुङकोटमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । व्यास नगरपालिका-५ स्थित मानुङकोटबाट दृश्यावलोकनका लागि यतिबेला दैनिकजसो आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन् ।

राति बास बसेर बिहानै सूर्योदय र कुहिरो हेर्न आन्तरिक पर्यटक आउने गरेका होटल व्यवसायी चुडामणि दाहालले बताए । अन्य दिनको तुलनामा शुक्रबार र शनिबार यहाँ पर्यटकको बढी घुइँचो हुने गरेको उनले जानकारी दिए । उनले भने, 'दसैं लागेपछि यहाँ पर्यटक आउने क्रम बढेको छ । दसैंका बेला विद्यालय तथा कार्यालयहरू बिदा हुने भएकाले आन्तरिक पर्यटक बढ्न थालेका हुन् । दुर्गापक्षअन्तर्गत सप्तमीदेखि पर्यटकको आगमन अझै बढ्ने अनुमान गरेका छौं ।'



स्थानीय अनिल अधिकारीले बिहानै यहाँबाट देखिने सूर्योदय र कुहिरोले पर्यटक लोभिने गरेका बताए । उनले भने, 'दमौली बजारलाई ढपक्क कुहिरोले ढाकिएको सुन्दर दृश्य हेर्न एकपटक आएकाहरू पुनः आउने गरेका छन् ।' मानुङकोट घुम्न पुगेका व्यास-४ का मनोज राउतले यहाँबाट देखिने कुहिरो, सूर्योदय र हिमशृंखलाको दृश्यले मोहित बनाएको बताए । उनले भने, 'यो ठाउँ कोरोनाको समयदेखि चर्चामा आएको हो । यहाँको पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जनसँग जोड्दै धेरै पर्यटक भित्र्याउन जरुरी छ ।'

मानुङकोटमा पर्यटक उक्लिने क्रम बढेपछि यहाँ नयाँ र आधुनिक होटल सञ्चालन हुन थालेका छन् । विगतमा एउटा पनि नरहेको यस ठाउँमा अहिले एक दर्जनभन्दा बढी होटल सञ्चालित छन् । दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ निर्माण गरी व्यवस्थित गरिएको छ । रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ ।

मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँ आउने आन्तरिक पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनः फर्किएर व्यवसाय गर्न थालेका छन् । यसअघि खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्यांकरको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ । *रासस*

# सेयरबजारमा हरियाली: ३७ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचकको उकालो यात्रा जारी छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सोमबार ३७.१३ अंकले उकालो लागेर दुई हजार ६९०.७२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ७.३२ अंकले उकालो लागेर ४८३.७८ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये सोमबार दुई उपसमूहको सेयर मूल्यमा गिरावट हुँदा ११ उपसमूहको सेयर मूल्य भने उकालो लागेको छ ।

कूल एक करोड ५८ लाख ४५ हजार ४४९ कित्ता सेयर सात अर्ब नौ करोड ५९ लाख ५३ हजार रूपैयाँ मूल्यमा खरिद बिक्री भए । नेप्सेका अनुसार श्री स्टार हाइड्रोपावर ९.९३, डोल्टी पावर कम्पनी ९.६८, एनआइसी एसिया फ्लेक्सी क्याप फण्ड ८.८०, जोशी हाइड्रोपावर ८.४२ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले ७.५९ कमाएका छन् ।

यस्तै, इस्टर्न हाइड्रोपावरको सेयरमा सोमबार नकारात्मक सर्किट लागेको छ । साथै कुमारी सबल योजना ७.४० प्रतिशत, विन नेपाल लघुवित्त ६.१४ प्रतिशत, जनउत्थान सामुदायिक लघुवित्त ४.०७ प्रतिशत र पोखरा फाइनान्सका लगानीकर्ताले ३.७६ प्रतिशतले गुमाएका छन् ।

# भाउ सस्तिएपछि च्यांग्राको व्यापार बढ्यो

**गलकोट (बागलुङ)–** बागलुङमा यस वर्ष ढिलोगरी मुस्ताङी च्यांग्रा भित्रिएको छ । आइतबार ११ दिनको यात्रापछि मुस्ताङका च्यांग्रा किसान छ्याक्तो गुरुङ र छेक्तेन गुरुङले बागलुङमा १०४ वटा च्यांग्रा ल्याए । तीन दिनअघि बागलुङका च्यांग्रा व्यापारी महेन्द्र केसीले ७४ च्यांग्रा भित्र्याएका थिए । मुस्ताङी च्यांग्राको मूल्यमा गिरावट आएपछि माग बढेको हो । १०४ वटा च्यांग्रामध्ये ५० च्यांग्रा बागलुङ आइनपुग्दै बिक्री भइसकेको छ्याक्तो गुरुङले बताए । मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ छोसेरबाट ११ दिन लगाएर बागलुङमा च्यांग्रा ल्याएको गुरुङको भनाइ छ ।



गत वर्ष रोज्जा च्यांग्रालाई ५५ हजार रूपैयाँमा बिक्री गरेको भए पनि यो वर्ष ४५ हजार रूपैयाँमै बिक्री गरिरहेको उनले बताए । 'छोसेरबाट हिँडेर ११ दिनमा बागलुङ आइयो, बाटोमै ५० च्यांगा बिक्री भइसके, अझै ५४ च्यांग्रा रहेका छन्, अहिले च्यांग्राको भाउ सस्तिएका कारण व्यापार फस्टाएको छ,' गुरुङले भने, 'परम्परागतरूपमा पाल्दै आएको च्यांग्रा बिक्रीका लागि आफैं बिक्री गर्दै आएको छु, आफैं च्यांग्रा उत्पादन र आफैं बिक्री गर्दा नाफा धेरै हुन्छ ।'

कोसेलीका लागि र दसैंमा च्यांग्राको मासु खाने चलनका कारण मुस्ताङको च्यांग्रा बिक्रीका लागि म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने गरेको छ । च्यांग्राको मूल्य १० देखि १५ हजार रूपैयाँसम्म घटेका कारण चाँडो व्यापार भएको च्यांग्रा व्यापारी गुरुङले जानकारी दिए । बागलुङमा महेन्द्र केसीले भित्र्याएका ७४ च्यांग्रामा १६ वटा बिक्री भइसकेको बताए । गत वर्ष च्यांग्राको व्यापार घट्दा यस वर्ष बागलुङका थोरै च्यांग्रा व्यापारी बागलुङबाट मुस्ताङ पुगेर च्यांग्रा खरिद गरेको केसीले जानकारी दिए ।

# सडक सञ्जालमा जोडिँदै मुस्ताङ र डोल्पा

**म्याग्दी–** गण्डकीको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडकको ७५ किलोमिटर मार्ग खुलेको छ । दुई प्रदेशको हिमाली जिल्लाका आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीको सुविधाका लागि यो सडक महत्त्वपूर्ण मानिएको छ ।

संघीय सरकारको मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक आयोजनाअन्तर्गत मुस्ताङको बारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङसोङ गाउँपालिका जोड्ने सडकको मार्ग खोल्ने काम अन्तिम चरणमा पुगेको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिञ्जिननाम्ग्याल गुरुङले बताए ।

'जोमसोमबाट एक्लेभट्टी, पाक्लिङ, फलेक, साङ्तासम्म ४० किलोमिटर र साङ्ताबाट याकखर्क हुँदै डोल्पाको सिमानासम्म थप ३५ किलोमिटर सडकको मार्ग खुलेको छ,' उनले भने, 'गत वर्ष मुस्ताङ हुँदै छार्का ताङसोङसम्म केही दिन ट्र्याक्टर चलाइएको थियो । यो सडकमा नियमित र सहजरूपमा यातायात सञ्चालनका लागि २० किलोमिटर सडक स्तरोन्नति र चार ठाउँमा मोटरेबल पुल निर्माण गर्न आवश्यक छ ।'



भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले डोल्पाको सिमानामा पर्ने सुकसाम्बामा बेलीब्रिज बनाउन चालु आर्थिक वर्षमा ८५ लाख रूपैयाँ विनियोजन गरेको जानकारी दिँदै अध्यक्ष गुरुङले थप तीनवटा बेलीब्रिज अथवा मोटरेबल पुल बनाउन र जोखिमयुक्त ठाउँको सडक स्तरोन्नति गरेर नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन संघीय सरकारलाई प्रस्ताव गरिएको अध्यक्ष गुरुङले बताए ।

सरकारले गण्डकी प्रदेशको मनाङ-मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा-मुगु जोड्ने रणनीतिक महत्त्वको सडकअन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-४ को पाक्लिङबाट साङ्ता हुँदै डोल्पा जोड्ने सडक निर्माणको कामलाई अघि बढाएको थियो । २२ करोड रूपैयाँको लगानीमा पाक्लिङबाट ५६.५ किलोमिटर सडक खुलेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ ।

डोल्पातर्फबाट मुस्ताङको सिमानासम्म यसअघि नै सडक निर्माण भएको थियो । डोल्पा जोड्ने सडकको प्रवेशबिन्दुमा पर्ने मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभट्टी र पाक्लिङको सिमानास्थित कालीगण्डकी नदीमा दुई वर्षअघि प्रदेश सरकारमार्फत १२० मिटर लामो पक्की पुल निर्माण गरिएको थियो ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले याकखर्कसम्म सवारी चल्न थालेपछि उपल्लो डोल्पाका बासिन्दा, व्यापारी र किसानको दुई दिनको यात्राअवधि तीन घण्टामा छोटिएको बताए । 'हप्तौं लगाएर मुस्ताङ आउने उत्तरी डोल्पावासी एकै दिनमा आउन थालेका छन्,' उनले भने, 'छार्काताङसोङलगायत उपल्लो डोल्पाका बासिन्दाले दैनिक उपभोग्य सामान, निर्माण सामग्री ढुवानी, भेडाच्यांग्रा र याक चौँरी बिक्रीका लागि बजार लैजान यही सडक प्रयोग गर्छन् ।' डोल्पा र राजधानी काठमाडौं जोड्ने यो छोटो दूरीको सडक हुने जनाइएको छ ।

सडक निर्माण भएपछि साङ्ता, याकखर्क घुम्न पर्यटक आउन थालेका साङ्ताका बासिन्दासमेत रहेका वडासदस्य छिरिङपासाङ गुरुङले बताए । सडकमा थुप्रिएको हिउँ र पहिरो पन्छाएर गाउँपालिकाले याकखर्कसम्म नियमित यातायात सञ्चालनको व्यवस्था मिलाएको उनले बताए । समुद्री सतहबाट चार हजार मिटरभन्दा बढीको उचाइमा मानवबस्ती नभएको झमटङ डोल्मा हिमालको फेदीमा हुँदै निर्माण भएको सडकमा यात्रा गर्ने क्रममा वन्यजन्तु नाउरको बथान देखिन्छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ